का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक १५७
❐ ७ साउन २०७८, बिहीबार
❐ 22 July 2021, Thursday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



विश्व सम्पदा सूचीमा रहेको भक्तपुरको प्रसिद्ध पर्यटकीयस्थल भक्तपुर दरबारस्क्वायरस्थित पचपन्न झ्याले दरबारको मंगलबार देखिएको रात्रिकालिन दृश्य । तस्वीर: रमेश गिरी

## गठबन्धनको झल्को दिने प्रयास



सत्तारुढ नेकपा माओवादी केन्द्रको केन्द्रीय कार्यालयमा बसेको स्थायी कमिटी बैठकमा नेताहरु ।

**तस्वीर**: प्रचण्डको सचिवालय

नेकपा माओवादी केन्द्रले शेरबहादुर देउवा नेतृत्वको सरकारलाई गठबन्धनको अनुभूति दिलाउनेगरी न्यूनतम साझा कार्यक्रमको प्रस्ताव अगाडि बढाएको छ । पेरिसडाँडामा बसेको स्थायी कमिटी बैठकबाट सरकारको न्यूनतम साझा कार्यक्रम बनाउने निर्णय गरेको हो ।

**सन्दिप विक/मध्यान्ह**
काठमाडौं, ६ साउन ।

सत्तारुढ गठबन्धनका प्रमुख दल नेकपा माओवादी केन्द्रले गठबन्धनमा सामेल दलहरुका भावनाअनुसार न्यूनतम साझा कार्यक्रम बनाउने निर्णय गरेको छ । पार्टी मुख्यालय पेरिसडाँडामा बुधबार बसेको स्थायी कमिटी बैठकले गठबन्धनको साझा कार्यक्रम ल्याउने र सरकार मार्फत् त्यसलाई कार्यान्वयन गर्ने निर्णय गरिएको प्रवक्ता नारायणकाजी श्रेष्ठले बताए ।

"गठबन्धनको सरकार न्यूनतम साझा कार्यक्रम वा साझा प्रतिबद्धताका साथ अघि बढाउनुपर्ने भएकाले तुरुन्त त्यस्ता कार्यक्रम तय गर्न आह्वान गरेको छ र कार्यदलका सदस्यलाई निर्देशन दिएको छ", प्रवक्ता श्रेष्ठले भने । बैठकमा सरकारमा सहभागी हुने बारेमा कुनै छलफल नभएको श्रेष्ठले बताए ।

सरकारमा सहभागी हुने विषयमा गठबन्धनमा सामेल अन्य दलसँग छलफल भइरहेको प्रवक्ता श्रेष्ठले बताए । "सकारको नेतृत्व गरेको नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा) नेपाललगायतका अन्य पार्टी र सरकारलाई समर्थन गर्ने सांसदसँग पनि छलफल भइरहेको छ" श्रेष्ठले भने, "सकेसम्म सबै पार्टीबाट प्रतिनिधित्व गर्ने गरी सरकारलाई पूर्णता दिनु उपयुक्त हुने भएकाले हामी सबै गठबन्धनका शक्तिसँग छलफल गरेर छिट्टै सरकारलाई पूर्णता दिने निर्णय गर्नेछौं ।"

माओवादीले पार्टीलाई व्यवस्थित ढङ्गबाट सञ्चालन गर्न यही साउन २० गते केन्द्रीय समिति बैठक बोलाएको छ । केन्द्रीय समितिको बैठकको एजेण्डा तय गर्न यही साउन १७ गते स्थायी समिति बैठक बस्ने प्रवक्ता श्रेष्ठले बताए ।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारमा माओवादी प्रमुख घटक दल हो । प्रतिनिधिसभामा माओवादी केन्द्रका ४९ सांसद छन् भने काँग्रेससँग ६१ सांसद छन् । अर्थात् १२ सांसद मात्रै धेरै भएको काँग्रेसले सरकारको नेतृत्व गरिरहेको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मंगलबार प्रधानमन्त्री देउवासँग भेटेर सरकारको साझा न्यूनतम कार्यक्रम बनाउनेबारे छलफल भएको थियो ।

माओवादी केन्द्रका नेताहरुले सत्ता सहकार्यलाई सहज बनाउने यस्तो प्रस्ताव ल्याइएको हो । देउवा नेतृत्वको गठबन्धनमा काँग्रेस, माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा) को दुई धार (उपेन्द्र यादव र महन्थ ठाकुर) र राष्ट्रिय जनमोर्चा सामेल छ । यसबाहेक नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल समूहका २२ र अध्यक्ष केपी शर्मा ओली तर्फका ८ सांसदले विश्वासको मत दिएका थिए । यी सबैको शक्ति समीकरण कायम राख्न प्रधानमन्त्री देउवाका लागि सजिलो छैन । अझै गठबन्धनका दलहरु बीच बसेर निर्णय नगरी माओवादी केन्द्रको मूख्यालयबाट यस्तो निर्णय भएको छ । यसको कार्यान्वयनमा लैजान सजिलो छैन । तर गठबन्धन सरकारले बनाउने यो नयाँ मोडेल भने पक्का हो ।

## माधव नेपालको पर्खाइ



प्रतिनिधिसभा पुनर्स्थापना गरी प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकार बनाउन महत्वपूर्ण भूमिका खेलेका नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपालको अनिर्णयका कारण सत्तारुढ गठबन्धन पनि अलमलमा देखिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ असार ।

प्रधानमन्त्री शेरबहादुर देउवासँग जनता समाजवादी पार्टी नेपाल (जसपा) का अध्यक्ष महन्थ ठाकुरले भेटेका छन् । जसपाका अध्यक्ष ठाकुर प्रधानमन्त्री देउवालाई भेट्न बालुवाटार पुगेका थिए । प्रधानमन्त्री देउवालाई विश्वासको मत प्राप्त गरेकामा बधाई दिन ठाकुर बालुवाटार पुगेको बताइएको छ ।

भेटवार्ताका क्रममा प्रधानमन्त्री देउवासँग आफ्नो मुद्दालाई यथासक्य चाँडो सम्बोधन गरिदिन आग्रह गरेको ठाकुर निकट एक नेताले बताए । जसपा अध्यक्ष ठाकुर पक्षको कार्यकारिणी समितिको बैठकले प्रधानमन्त्री शेरबहादुर देउवाले विश्वासको मत लिँदा प्रतिबद्धता जनाए अनुरुपका विषय चाँडो पूरा गराउन माग गरे । ठाकुर पक्षले संविधान संशोधन, झुटा मुद्दा फिर्ता, रेशम चौधरी लगायत माग राखेका छन् ।

तर स्रोतका अनुसार प्रधानमन्त्री देउवासँग ठाकुरले सत्ता सहकार्यबारे समेत छलफल गरेका थिए । ठाकुर पक्षले ३ साउनमा मात्रै प्रधानमन्त्री देउवालाई विश्वासको मत दिन तयार भएको थियो । यसअघि यो पक्ष नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको पक्षमा उभिएको थियो । त्यसैकारण निवर्तमान प्रधानमन्त्री ओलीले गएको ५ पुसमा भंग गरेको प्रतिनिधिसभामा ११ फागुनमा पुनर्स्थापना भएपनि नयाँ सरकार बन्न सकेको थिएन । किनकि विपक्षमा रहेको काँग्रेससँग ६१, माओवादी केन्द्रसँग ४९, जसपाका उपेन्द्र यादव पक्षसँग १२ र राष्ट्रिय जनमोर्चासँग एक सांसदमा मात्रै थिए ।

यदि जसपामा यादव र ठाकुर समूह मिलेका थिए भने त्यसैबेला वैकल्पिक सरकार बन्ने थियो । तर ठाकुर समूहले साथ नदिएपछि ओलीको विकल्पमा नयाँ प्रधानमन्त्री बन्न सकेन । ओलीले त्यसैको फाइदा उठाउँदै ७ जेठमा फेरि प्रतिनिधिसभा विघटन गरे । यसपटक भने एमालेमा अलग संगठनात्मक अभ्यासमा रहेको माधवकुमार नेपाल समूहका २६ सांसदले पनि साथ दिएपछि देउवा प्रधानमन्त्री बन्ने बाटो खुलेको थियो ।

प्रधानमन्त्री देउवालाई यी सबै घटक मिलाएर सरकार बनाउन कठिन परिरहेको छ । २९ असारमा काँग्रेसका बाँकी पृष्ठ २ मा

## घटेको छैन जोखिम

**दीपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ६ साउन ।

नवनियुक्त प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारको प्राथमिकता कोरोना विरुद्धको खोप भएको बताएका छन् । देउवाको भनाइ छ- पहिलो, दोस्रो र तेस्रो प्राथमिकता पनि खोप हो । विकास निर्माण पनि महत्वपूर्ण भएको, तर त्यो भन्दा पनि जीवन रक्षा धेरै महत्व भएको बताएर प्रशंसा पनि पाए ।

प्रतिबद्धता अनुसार खोप उपलब्ध गराउने सरकारले जनाएको छ । तर दोस्रो लहरको कोरोना संक्रमणको जोखिम कम हुने सकेको छैन । बुधबार मात्रै पनि दुई हजार ८३८ जनामा संक्रमण संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार १२ हजार ६१६ जनामा परीक्षण गर्दा दुई हजार ८३८ जनामा संक्रमण पुष्टि भएको हो ।

आठ हजार ७१५ जनाको पिसिआर र तीन हजार ९०१ जनामा एन्टिजेन परीक्षण गरिएको थियो । बुधबार थपिएको सहित संक्रिय संक्रमति संख्या सात लाख २४ हजार ४५५ पुगेको छ भने छ लाख ३६ हजार ४०२ जना पूर्ण स्वास्थ्य लाभ गरी घर फर्किएका मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारी बताए ।

सक्रिय संक्रमित संख्या २६ हजार ८३२ पुगेको छ । उनका अनुसार नेपालमा संक्रमणदर १९.२ प्रतिशत छ । पिसिआर परीक्षण गरिएकामध्ये दैनिक २५ प्रतिशतलाई संक्रमण भइरहेको उनले बताए । एन्टिजेनबाट परीक्षण गर्दा २१ प्रतिशतमा संक्रमण भइरहेको छ ।

> नवनियुक्त प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारको प्राथमिकता कोरोना विरुद्धको खोप भएको बताएका छन् । कोरोना विरुद्धको खोप वितरण पनि भइरहेकै छ । तर संक्रमणको जोखिम भने उस्तै छ ।

बुधबार एक हजार ४७५ संक्रमित निको भएका छन् । योसँगै घर छ लाख ३६ हजार ४०२ घर फर्किएका छन् । बुधबार थप ३० जनाको संक्रमणबाट मृत्यु भएको छ । योसँगै नौ हजार ६३७ पुगेको छ । प्रति १० लाख जनसंख्यामा ३२४.८ जनाको निधन भएको छ ।

उनका अनुसार २४ हजार ३४० जना होम आइसोलेशन, दुई हजार ४९२ जना संस्थागत आइसोलेशन, ६२७ जना सघन उपचार कक्ष र १७१ जना भेन्टिलेटरमा रहेका छन् । राजधानी उपत्यकामा मात्रै बुधबार ६९७ जनामा संक्रमण पुष्टि भएको छ । ललितपुरमा १२८ जना, काठमाडौंमा ४९० र भक्तपुरमा ७९ जना संक्रमण पुष्टि भएको हो ।

उनले अझ पनि धेरै व्यक्ति संक्रमित आशंकामा रहेकाले परीक्षणको दर बढाउनुपर्ने बताए । "जति धेरै परीक्षण गर्‍यो । त्यति नै मानिसलाई बचाउन सकिन्छ" उनले भने, "त्यसैले संक्रमितको संख्या पत्ता लगाउनका लागि परीक्षणको दायरा बढाउनुपर्दछ ।"

सहप्रवक्ता अधिकारीले खोप सबै नागरिकलाई उपलब्ध गराउने पनि बताए । उनले खोप लगाउन जाँदा भीडभाड नगर्न र जनस्वास्थ्यमा मापदण्ड लागू गर्न आग्रह गरे । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा अनुप बाँस्तोलाले निषेधाज्ञा खुकुलो भएसँगै संक्रमणको दर बढेकाले जनस्वास्थ्यमा मापदण्ड अपनाउन आग्रह गरे ।

## कोरियामा संक्रमण बढेपछि नेपाली कामदारमा त्रास

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन

नेपाली कामदारका लागि आकर्षक रोजगारको गन्तब्य मानिएको दक्षिण कोरियामा कोरोना भाइरस संक्रमण पुन: तीव्र गतिमा फैलिन थालेपछि त्यहाँ कार्यरत नेपाली कामदारहरु त्रासमा देखिएका छन् । चौथो वेभ फैलिएको भनिएको दक्षिण कोरियामा पछिल्लो २४ घण्टामा हालसम्मकै धेरै संक्रमित फेला परेको बताइएको छ ।

कोरोना संक्रमण यही गतिमा फैलँदै गए रोजगारी गुम्ने चिन्ता नेपाली कामदारहरुको छ । संक्रमण बढ्दै गएपछि दक्षिण कोरियाली सरकारले स्वास्थ्य मापदण्डको नियम कडाइका साथ लागू गरेको छ । यही क्रम जारी रहे संक्रमण नियन्त्रणका लागि सबै प्रकारका व्यवसाय बन्द गर्ने स्थिति आउने आंकलन छ । सबै व्यवसाय बन्द भए ईपीएस प्रणलीमार्फत रोजगारीमा गएका नेपाली कामदारहरु रोजगारविहीन हुनेछन् ।

यसअघि गत वर्षको कोरोना संक्रमणका कारण पनि त्यहाँ कार्यरत कयौं नेपाली कामदार रोजगारविहीन भएका थिए भने कयौंले तलव समेत पाएका थिएनन् । नेपाली कामदारका साथै अन्य विदेशी कामदार पनि प्रभावित बनेका थिए ।

त्यसपश्चात कोरोना संक्रमणदर कम हुँदै गएपछि दक्षिण कोरियाको अर्थतन्त्रमा केही सुधार आएर स्थिति समान्य भएको थियो । तर पुन: कोरोना संक्रमणको चौथो वेभ फैलिएको बताइएपछि फेरि सोही समस्या आइपर्ने त्रासमा नेपाली कामदारहरु छन् ।



साथसाथै ईपीएस प्रणलीमार्फत रोजगारीमा जान चाहने अन्य नयाँ कामदारहरु पनि जान पाउने स्थिति न्यून हुँदै गएको छ । कोरोना महामारीकै कारण हाल दक्षिण कोरियामा नेपाली कामदार जान पाएका छैनन् ।

केही दिन अगाडि मात्र दक्षिण कोरियाको मानव संसाधन विभाग (एचआरडी) रोजगार अनुमति प्रणाली (ईपीएस)अन्तर्गत रोकिएका श्रमिक निश्चित मापदण्डभित्र रहेर आफ्नो देश आउन पाउने विषयमा सकारात्मक भएको थियो ।

एचआरडीको पहिलो सर्त डाइरेक्ट उडान हुनुपर्ने, श्रमिकले कोरिया प्रवेश गर्नका लागि कोरियाले तोकिएका स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने थियो । यसैगरी कोरिया पुगेपछि कोरिया सरकारले तोकेको होटल क्वारेन्टाइनमा १४ दिन अनिवार्य श्रमिक आफनै खर्चमा बस्नुपर्ने पनि सर्त एचआरडी राखेको थियो । तर सोही समय संक्रमण बढ्न थालेपछि कोरिया आफ्नो निर्णयबाट पछि हट्ने हो कि भन्ने आशंका उत्पन्न हुन थालेको छ । बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मदिरा उत्पादन गरेको आरोपमा कुवेतमा तीन नेपाली पक्राउ

कुवेत, मस- कुवेतमा नेपाली कामदारहरू अवैध मदिराको उत्पादन तथा विक्रीको आरोपमा पक्राउ परेका छन् ।

कुवेतको फहहील क्षेत्रमा त्यहाँको प्रहरीले अवैध रूपमा स्थापना गरेको मदिरा कारखानामा छापा मारेको थियो । छापा मार्ने क्रममा मदिरा उत्पादनमा संलग्न तीन जना नेपालीलाई पक्राउ गरिएको र ठूलो परिमाणमा मदिरा बरामद गरिएको बताइएको छ । उनीहरुको साथबाट मदिरा उत्पादन गर्न प्रयोग हुने घरेलु उपकरण र सामानहरुसमेत बरामद गरिएको बताइएको छ । छापा मार्ने क्रममा मदिरा तयार गरी बिक्री वितरण गर्नको लागि राखिएको अवस्थामा भेटिएको स्थानीय सञ्चार माध्यमहरूले उल्लेख गरेका छन् ।

यसअघि पनि कुवेतमा अवैधरूपमा मदिरा उत्पादन र विक्रि गरेको आरोपमा दर्जनौं नेपाली पक्राउ गरी नेपाल डिपोर्ट गरिएको थियो । कुवेतमा अवैधानिक रूपमा बस्ने नेपालीहरू रोजगारीमा जोडिन नसकेपछि अवैधानिक रूपमा मदिराको बाँकी पृष्ठ २ मा

# काठ चोरी मुद्दामा दोषी ठहर साउँद पक्राउ



**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, ६ साउन

काठ चोरी मुद्दामा दोषी ठहर गरिएका एक जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले भीमदत्त नगरपालिका १५ का रमेश साउँदलाई पक्राउ गरेको हो ।

प्रहरी पक्राउ गरेपछि जिल्ला अदालतमा बुझाइएका साउँद सजाय भुक्तानका लागि कारागार चलान गरिएका छन् ।

जिल्ला अदालत कञ्चनपुरले साउँदलाई काठ चोरी मुद्दामा २०७३ असार ६ गते चार महिना कैद र चार हजार जरिवना गरेको थियो । अदालतबाट सजाय तोकिएपछि प्रहरीले उनको खोजी गरेको थियो । प्रहरीले मंगलबार साउँदलाई उनको घरबाट पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक शिद्धराज न्यौपानेले प्रहरी कार्यालयको टोलीले साउँदलाई घरबाट पक्राउ गरी अदालतमा बुझाएको बताए । 'अदालतको फरार सूचीमा रहेका साउँदलाई खोजी गर्दै आएका थियौ, घरबाट पक्राउ गरी अदालतमा पेश गरिएको छ' उनले भने,'अदालतको फैसला अनुसार सजाय तोकिएर फरार रहेका अन्यलाई पनि खोजी गरि रहेका छौं ।'

# नेपालगन्जमा रक्तदानका कार्यक्रम सम्पन्न, १७ जनाले गरे रक्तदान



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, ६ साउन

आफ्नो ३० औं वार्षिकोत्सवको अवसरमा नेपाल टेलिकम वर्कर्स यूनियन (एन.टी.सी.डव्लु,यू.) कर्णाली प्रादेशिक समिति सुर्खेत तथा दूरसञ्चार कार्यालय इकार्य समिति नेपालगन्जको संयुक्त आयोजनामा रक्तदान गरिएको छ ।

३० औं वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा सचिव अजितबहादुर कार्की, बिक्रम देवल, नेपाल टेलिकमका कर्मचारी तथा नील सागर वृद्धाश्रम नेपालगन्जका उपाध्यक्ष नारायण सुवेदी, प्रकाश यादव, बिनोद शर्मा, बसन्तकुमार थापा, सन्तोष बाल्मिकी, केशवराम गडरिया, आशिष चौधरी, केशव पाण्डे लगायत १७ जनाले रक्तदान गरेका छन् ।

साथै नेपालगन्जस्थित रहेको निल सागर वृद्धाश्रममा ७ हजार रुपैयाँ बराबरको दाल, चामल, तेल खाद्यान्न तथा फलफूल पनि वितरण गरिएको छ ।

खाद्यान्न तथा फलफूल वितरण कार्यक्रममा नेपाल टेलिकम वर्कर्स यूनियन (एन.टी.सी.डव्लु,यू.) कर्णालीप्रादेशिक समिति, सुर्खेत तथा दूरसञ्चार कार्यालय नेपालगन्जका कर्मचारी तथा नील सागर वृद्धाश्रमका अध्यक्ष सरिता खनाललगायतको उपस्थित रहेको युनियनका सचिव अजितबहादुर कार्कीले बताए ।

रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित प्रादेशिक रक्त केन्द्रका होमराज गिरी, सुनिल थापा मगर, एलिजा चौधरी, केशर सिंह डाँगीले लगायतले प्राविधिकमा सहयोग गरेका थिए ।

## माधव....

दुई र माओवादी केन्द्रका दुई मन्त्री गरी पाँच सदस्यीय मन्त्रिपरिषद् कायम छ । जसपा विभाजन नजिक भएकाले देउवालाई अलगअलग सहमति गर्नुपर्ने अवस्था छ ।

तर प्रधानमन्त्री देउवा भने एमाले नेता माधवकुमार नेपाल समूहको निर्णय कुरेर बसेका छन् । किनकि नेता नेपाल समूहले ७ जेठमा प्रधानमन्त्रीका निम्ति हस्ताक्षर, अदालतमा रिट र विश्वासको मत नदिएका भए मुलुक संभवत: मध्यावधि निर्वाचनको बाटोमा जाने थियो । त्यसैले विपक्षी गठबन्धनका नेताहरुको नजर माधव नेपालतिर देखिन्छ । उनीहरुको चाहना छ, नेता नेपालले पार्टी विभाजन गरी अलग पार्टी बनाओस् । त्यसै पार्टीलाई सरकारमा ल्याएर बाँकी अवधि सुनिश्चित गर्ने रणनीतिमा सत्तारुढ गठबन्धन देखिएको छ । तर नेता नेपाल भने अहिले पनि दोधार छन् । किनभने नेता नेपाल निकटका अधिकांश नेता अलग पार्टी बनाउने पक्षमा छैनन् ।

## कोरियामा....

यसैबीच कोरिया सरकारले त्यहाँ कोरोना विरुद्धको खोपको अभियानलाई ब्यापक बनाएको जनाएको छ । खोप अभियानलाई तीव्र गतिमा अघि बढाए संक्रमण घट्ने अनुमान गरिएको छ । संक्रमण कम हुँदै गए त्यहाँ कार्यरत नेपाली कामदारका साथै नयाँ कामदार पनि दक्षिण कोरिया रोजगारीमा जान पाउने बाटो खुल्ने छ ।

## मदिरा....

उत्पादनमा लाग्ने गरेको बताइएको छ । मदिराको कारोवारमा कडा प्रतिवन्ध रहेको उक्त मुलुकमा नेपालीहरू सोही धन्दामा पटक पटक पक्राउ परेको घटनाले सिंगो नेपाली समुदायका प्रति नै स्थानीय प्रहरी चनाखो रहने गरेको बताइएको छ ।

# दबाबमा पत्रकार, मानसिक समस्याको जोखिम बढ्दो



काठमाडौं/मस-कोरोना महामारीले पत्रकारहरुमा आर्थिक, सामाजिक र पेशागत दबाब सिर्जना भएको छ। यस कारण उनीहरु मानसिक समस्याको जोखिममा छन् ।

कोरियाको नामसोल विश्वविद्यालयसंगको सहकार्यमा नेपाल पत्रकार मञ्चले बुधबार आयोजना गरेको 'कोभिड विरुद्ध खुशी रणनीति' विषयक शैक्षिक भर्चूअल कार्यक्रमका वक्ताहरुले यस अवस्थालाई सामान्य ठान्न नहुने बताएका छन् । जोखिमपूर्ण घटना र ठाउँमा गएर सूचना, दृश्य र तस्बिरहरु संकलन गर्नुपर्छ ।

त्यस्ता ठाउँमा जाँन सामान्य मास्कबाहेक अन्यसुरक्षा सामाग्री हुँदैनन् । आज लगाए पनि भोलिका लागि थप सामाग्री हुँदैनन् । संक्रमणको जोखिमपूर्ण ठाउँमा जानुपर्छ फर्किएर आएपछि परिवारसँगै बस्नुपर्छ । उता पेशाको सुरक्षा पनि छैन । जागिर बचे पनि समयमा पारिश्रमिक प्राप्त गर्ने पत्रकारको संख्या कम छ । किनभने विज्ञापनको बजारमा गिरावट छ । यस्तै समस्या र तनावले राती सुत्दा निन्द्रा लाग्दैन । असहज हुन्छ । खाना खान मन लाग्दैन । भोकले खान बस्यो, थोरै खाएपछि बाँकी खान मन लाग्दैन । शौचालय गइरहन मन लाग्छ । त्यहीँ भित्र बसिरहन मन लाग्छ । शारीरिक हाउभाउमा फरकपन देखिन थालेको छ । विनाकारण धेरै खुशी हुने वा दु:खी हुने हुन्छ । भर्चुअल कार्यक्रममा सहभागीहरुले आफ्नो अवस्था बताएपछि विश्वविद्यालयका प्राध्यापकहरुले ३ महिनासम्म पनि यस्ता लक्षण क्रमश: एउटै मात्रामा रहे भने समस्याको निकारणमा लाग्नुपर्ने बताए ।

नामसोल विश्वविद्यालयकी सह–प्राध्यापक डा.युउन सिल किमले 'कोभिड-१९ एण्ड मेन्टल हेल्थ' शीर्षकमा प्रस्तुति गर्दै भनिन्, 'हरेक नराम्रा घटनाहरुको सूचना, तस्विर वा दृश्य लिने पत्रकारहरुमा तुरुन्त मनमा खिन्नता, अपशोच जस्ता भावहरु आउन सक्छन् । कहिलेकाहीँ त पेशामा किन आउँछु भन्ने पनि लाग्न सक्छ ।'

यो घटनाले ल्याएको संवेग र उनीहरुका लागि जोखिम पनि हो । त्यसैले पत्रकारहरु तनाब, डर, चिन्ता र डिप्रेसनदेखि चाँडै नै मानसिक स्वास्थ्यको गहिरो समस्यामा पर्न सक्छन् । कोविडले हरेक व्यक्तिको उत्पादनशीलतामा ह्रास ल्याएको छ । यसले अग्रपङ्तिमा खटिने पत्रकारहरुमा पनि आर्थिक समस्याहरु बढेका छन् ।

अन्तरक्रियामा 'साइकोलोजिकल इम्प्याक्ट अफ फ्रन्टलाइनर ड्यूरिङ अ प्यान्डामिक' शीर्षकमा अध्ययनपत्र प्रस्तुत उप–प्राध्यापक डा. सिर्जना थापाले, यसबाट जटिल खालको मानसिक समस्या आउनेतर्फ आजै सोच्नु पर्ने सुझाव दिए । सामान्य अवस्थालाई छिट्टै र औषधिको प्रयोग बिना नै सुधार गर्न सकिन्छ ।

त्यसैले अरुले भनेका भरमा औषधि प्रयोग नथाल्न, उनको सुझाव छ । पत्रकारले समाचार तयार पार्ने प्रक्रिया अन्तर्गतका काम गर्ने हो । पहिले हामीले पत्रकारका दायित्वलाई यसरी बुझेका थियौं । तर यतिले मात्र नपुग्ने भयो । अब समाचार लेख्नेसँगै सञ्चार गृह जोगाउने पनि सोच्नु पर्ने भयो । महामारीले पत्रकारमाथिको दबाबका विषयमा कुरा गर्दै नेपाल पत्रकार महासंघका कार्यवाहक अध्यक्ष रमेश विष्टले, महामारीकै कारण प्रिन्टबाट डिजिटल पत्रकारितामा गएको र यसले धेरै पत्रकारको रोजीरोटीका सवालमा समस्या भएको उल्लेख गरे । यो पत्रकारहरुका लागि तनाबको विषय हो ।

विष्टले, पत्रकारको पेशागत सुरक्षाका लागि नीति पैरवी र नेतृत्व गरिरहने बताए । महामारी सुरु हुँदा खान थिएन, लगाउन थिएन, औषधि थिएन तर सूचना थियो । यो पत्रकारले गरेको योगदान हो । कार्यक्रममा नेपाल टेलिभिजनकी नायव महाप्रबन्धक एवं सञ्चालक समितिकी सदस्य आरती चटौतले, सामान्य अवस्थामा मानिसहरुको ध्यान मनोरञ्जनमा र विपदमा सूचना तिर हुने तथ्यलाई बिर्सन नमिल्ने उल्लेख गरिन् ।

गएको ३ बर्षमा करीव १८ हजार व्यक्तिले आत्महत्या गरेको, यसमा पहिलो बर्षभन्दा दोस्रो र तेस्रो बर्षमा बढ्दै गएको अंकले व्यक्तिहरुमा मानसिक समस्या बढ्दै गएको प्रमाणित भएको उल्लेख गर्दै यस्ता घटना रोक्न सतर्कता र सचेतामुलक कार्यक्रमको खाँचो देखाइन् । कोभिड महामारीका समयमा कतिपय पत्रकारहरु जागिर गयो । कति पत्रकारहरुले आंशिक रुपमा काम गरे । कतिले आंशिक तलव लिएर पूरा काम गरे । पत्रकारहरुको यो योगदानका कारण कोभिडका विषयमा जनताले सूचित हुने मौका पाएको वक्ताहरुको भनाइ थियो ।

प्रेस काउन्सिलले गरेको अध्ययनअनुसार ८३ प्रतिशत पत्रकारले कोभिडको समयमा आफूलाई पेशामा असुरक्षित भएको महसुस गरेको बताएका छन् । ३५ प्रतिशतले तनाब छ । ३८ प्रतिशतको तलब घटाइएको छ। सञ्चार गृहमा काम गर्ने ५० प्रतिशत महिलाले आफूलाई लैङ्गिक असमानता महसुस भएको बताएका छन् । ६२ प्रतिशत महिलाले घर र कार्यालयको तारतम्य मिलाउन कठिन भएको बताएका छन् । ६४ प्रतिशतले जिम्मेवारी बहन गर्न कठिन भएको बताएका छन् भने ७५ प्रतिशत महिलाले तनाब बढेको बताएका छन् । यो अध्ययनपछि देखिएको जटिलता सम्बोधन गर्न कुनै पक्षबाट कुनै खालका कार्यक्रम आएनन् । पत्रकार मञ्चका अध्यक्ष युवराज विद्रोहीले कोभिड-१९ बाट प्रभावित पत्रकारहरुलाई राज्यले वेवास्ता गरेको आरोप लगाए ।

यस्तो जटिल परिस्थितिमा अग्रभागमा क्रियाशील रहेर समाजलाई सुसूचित गर्ने कार्यमा लाग्ने पत्रकारहरुलाई खोप लगाउन समेत अदालतमा मुद्दा हाल्नुपर्ने अवस्था सिर्जना भयो । यो अत्यन्त लाजमर्दो अवस्था हो ।' यी सबै समस्या महामारीले सिर्जना गरिदिएका समस्या हुन् । हरेक घटनाले पत्रकारको मानसिक स्वास्थ्यमा कुनै न कुनै प्रकारको असर थपेको छ । तर, यसको समाधानका लागि सरकारतर्फबाट कार्यक्रम र लगानीको सुनिश्चितता छैन ।

मञ्चका विश्वविद्यालय सम्बन्ध संयोजक चन्द्रमणि भट्टराई भन्छन्, 'आजको शैक्षिक कार्यक्रममा सहभागी कोभिडको संक्रमण भइसकेका पत्रकार र तिनको परिवारको लगत बनाएर उनीहरुका लागि एकल वा समूहगत परामर्शको तयारी गरेको छौं ।' भर्चुअल कार्यक्रममा उपत्यकासहित वीरगञ्ज, सिराहा, मोराङ, कास्कीसहित विभिन्न ठाउँबाट १ सय पत्रकारले भाग लिएका थिए ।

# ३९ औं बिपी स्मृति दिवसका अवसरमा दार्चुलामा फलफूल वितरण



**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, ६ साउन

जननायक बिपी कोइरालाको ३९ औं स्मृति दिवसका अवसरमा आज नेपाली काँग्रेस दार्चुलाले जिल्ला अस्पताल दार्चुलामा बिरामीहरुलाई फलफूल बितरण गरेको छ ।

नेपाली कांग्रेसका जिल्ला सभापति ललित सिंह बोहराको नेतृत्वमा जिल्ला सचिव हरक सिंह बिष्ट, तरुण दल महाधिवेशन प्रतिनिधि उमेश सिंह खत्रीका साथै महिला संघ र किसान संघको टोलीले जिल्ला अस्पतालमा उपचारार्थ करिब ३० जना बिरामीलाई फलफूल वितरण गर्यो ।

सो अवसरमा नेपाली काँग्रेस दार्चुलाका सभापति बोहराले बिपीले कुनै नेपाली भोका नांगा नहुन्, शिक्षा र स्वास्थ्य सेवाबाट बञ्चित नहुन् भन्ने परिकल्पना गरेको चर्चा गर्दै बिपीको सोही विचार नै समाजवाद भएको बताए ।

उनले काँग्रेसले बिपीको समाजवादी सिद्धान्तलाई अंगीकार गरी अघि बढेको र त्यसैको परिणाम आज आम नेपालीको शिक्षा स्वास्थ्यजस्ता आधारभूत सेवामा पहुँच वृद्धि भएको बताए ।

# तरुण विभाग प्रचार तथा प्रकाशन समन्वय केन्द्रीय सह–संयोजकमा चन्द मनोनयन



काठमाडौं/मस- संचारकर्मी सुर्य चन्द नेपाली कांग्रेस तरुण बिभाग प्रचार तथा प्रकाशन समन्वय केन्द्रीय सह-संयोजकमा मनोनयन भएका छन् । नेपाली कांग्रेसका केन्द्रीय सदस्य पूर्वमन्त्री एवम् तरुण विभाग प्रमुख शंकर भण्डारीले संचारकर्मी चन्दलाई एक कार्यक्रमबीच तरुण विभागमा स्वागत गर्दै मनोनयन पत्र हस्तान्तरण गरेका थिए ।

संचारकर्मी सुर्य चन्द विगत २ दशक भन्दा बेसी समय देखि नेपाली कांग्रेसको सक्रिय राजनीतिमा योगदान गर्दै आएका युवा नेता हुन् । संचार क्षेत्रलाई राम्रोसँग बुझेका सुर्य चन्दले सामाजिक कार्यमा अग्रणी भूमिका निर्वाह गर्दै आएका छन् । विभिन्न संघ संस्थामा समेत आबद्ध रहेर काम गर्दै आएका उनी नेपाली सिने उद्योगका लोकप्रिय कलाकार तथा म्युजिक भिडियो निर्देशक हुन् । युवा नेता सुर्य चन्दले विभिन्न अवार्ड, इभेन्ट, मेला महोत्सवको आयोजना गर्दै युवा वर्गलाई स्वरोजगार बनाउने देखि देशको आर्थिक विकाशमा समेत योगदान पुऱ्याउँदै आएका छन् ।

तरुण नेता सुर्य चन्दलाई नेपाली कांग्रेस केन्द्रीय तरुण विभागको निर्णय अनुसार 'प्रचार तथा प्रकाशन समन्वय केन्द्रीय सह-संयोजक' मा मनोनित गरिएको नेपाली कांग्रेस तरुण विभाग प्रमुख एवम पुर्वमन्त्री शंकर भण्डारीले बताएका छन् ।

आफुले पाएको जिम्मेवारीप्रति निष्ठावान ढंगले कार्यसम्पादन गरी पार्टी, संगठन तथा बिभाग प्रति पूर्ण बफादार रही तरुणहरुलाई गतिशिल बनाउन लागि पर्ने युवा नेता सुर्य चन्दले जानकारी गराए ।

# मोटरसाइकल दुर्घटनामा चालकसहित तीन जना घाइते

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ६ साउन

रौतहटको राजपुर नगरपालिका फतुहा र बमनहरकोबीच सडकमा मोटरसाइकलको ठक्करबाट एक पैदल यात्री घाइते भएका छन् ।

राजपुर नगरपालिका वडा नं.२ फतुहा टोल शेख जहरुललाई मोटरसाइकलले ठक्कर दिएको हो । ठक्करबाट उनको खुट्टा र टाउकोमा चोट लागेको छ । सोही दुर्घटनामा मोटरसाइकल चालकसहित अन्य ३ जना समेत घाइते भएको प्रहरीले जनाएको छ । चालक इशनाथ नगरपालिका वाड न.५ लक्ष्मीनिया टोलका आजम हुसैन हुन् ।

चालक गम्भीर घाइते भएका छन् भने अन्य दुई जनालाई सामान्य चोट लागेको प्रहरीले जनाएको छ । वृद्ध पैदलयात्री र चालकलाई उपचारका लागि हस्पिटल पठाइएको इलाका प्रहरी कार्यालय प्रमुख सुरेश गुप्ताले मध्यान्हलाई जानकारी दिए ।

# दाङमा बाघको छालासहित २ जना पक्राउ



**दाङ/मस–** दाङ, ६ साउन । दाङमा प्रहरीले प्रतिबन्धित बन्यजन्तु बाघको छालासहित २ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जाजरकोट भेरी नगरपालिका ९ बस्ने ३२ वर्षीय राम बहादुर दमाई र रुकुम पश्चिम मुसिकोट नगरपालिका १० चौखाबाङ बस्ने ५४ वर्षीय पुर्ण सिह सुनार रहेको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ ।

बुधबार बिहान घोराही उपमहानगरपालिका ३ गोग्लीमा उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय दाङका प्रवक्ता एवं डीएसपी मुकुन्द प्रसाद रिजालले जानकारी दिए ।

उनीहरु शंकास्पद अवस्थामा हिडीरहेको फेला पारी नियमित चेकिङमा खटिएको प्रहरी टोलिले रोकी चेकजाँच गर्दा सिमेन्टको बोराभित्र टाटेपाटे बाघको छाला फेला परेपछि नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । पुच्छरदेखि टाउँकोसम्म ५ फिट २ इन्च लम्बाई र छातिको भागको चौडाई १ फिट ४ इन्च भएको नङ्गा र जुँगासहितको छाला फेला परेको प्रहरी जनाएको छ ।


## कतारमा रोजगार

EDGEWATER TECHNICAL SERVICES W.L.L, Doha
पुर्व स्विकृति मिति: २०७८।१।२४ चलानी नं. ६०१६०४१९ LT No. 240381

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 16 | काममा दक्ष | 1000 | 30000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | नि:शुल्क |
| 2 | Driver | 04 | | 1400 | 42000 | | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७८ साउन १४ गते(29 July 2021) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

मेनपावर लिङ्क प्रा. लि.
'Your complete recruiting partner'
बुढानिलकण्ठ-८, काठमाडौं फोन नं.: ०१-४३७५४१८
Lic No.: 350/059/60

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SARAH AL - MUTAIRI FOUNDATION FOR THE PROVISION OF DRINKS शहर : DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/04/05 चलानी नं.: ६०१६०४२० LT. No.: 242636

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 5 | 0 | स. काममा दक्ष | 1200 | ३८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १४ गते (29 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

NEW ALFA H.R. SERVICES PVT. LTD.
श्रम इजाजत पत्र नं.: १०९०/०७३/०७४
Maharajgung-3, Kathmandu | Tel: 9851091508, 01-4721183, 01-4721184
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com

## कतारमा रोजगारको अवसर

१. कम्पनी: SPECTRUM INDUSTRIES शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/04/05 चलानी नं.: ६०१६०४२४ LT. No.: 242515

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | [illegible] | 1000 | ३२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber | 2 | 0 | | 1100 | ३५,९८१ | | | | | | | |
| 3. | Gen Clean Worker | 1 | 0 | | 1000 | ३२,७१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १४ गते (29 July 2021) मा हुनेछ ।

Link International Placement Service Pvt.ltd.
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

# कर्णाली राजमार्गमा १२ नयाँ पक्की पुलको निर्माण



**काठमाडौं/मस**–गत आर्थिक वर्ष कर्णाली राजमार्ग (सुर्खेत-जुम्ला सडक) मा १२ वटा पक्की पुलको निर्माण सम्पन्न भएको छ। सडक डिभिजन कार्यालय सुर्खेतले आव २०७३/७४ देखि निर्माण थालिएका ती पुलहरु गत वर्ष सम्पन्न भएको जनाएको छ। कर्णाली राजमार्गका अधिकांश स्थानमा पक्की पुल नहुँदा यात्रुले लामो समयदेखि सास्ती भोग्नुपरेको थियो। पुल नहुँदा वर्षातका बेला यात्रुलाई जोखिम बढेको थियो।

संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय अन्तर्गतको सडक डिभिजन कार्यालय सुर्खेतका इन्जिनीयर तुलाराम शर्माले २०७४ साल जेठदेखि निर्माण थालिएका ती पुलहरुमध्ये तिलाखोलाबाहेक सबै पुलहरु २०७७ साल पुस मसान्तमै सम्पन्न भएको जानकारी दिए। तिलाखोला पुल २०७५ असारमा सम्झौता भई २०७८ जेठमा सम्पन्न भएको हो। सडक डिभिजन कार्यालयका अनुसार कर्णाली राजमार्गमा कुवाखोला, कालेखोला, पाल्तडा, कानेगाड, गुहेगाड, दहीखोला, तिला खोला, छिडेना खोला, सिञ्जा, पातले खोला, लुम्चडी र माटेखोलामा पुल निर्माण पूरा भएका हुन्। रु ४२ करोड ४५ लाख ४९ हजार ४४४ लागतमा ती पुलहरु निर्माण भएको कार्यालयले जनाएको छ। इन्जिनीयर शर्माले पुल निर्माणका साथै अधिकांश स्थानमा राजमार्ग मर्मत सुधार गर्ने कार्य सम्पन्न भएको बताए।

नाली खोल्नाका साथै भत्केको पर्खाल लगाउने, पहिरो पन्छाउनेजस्ता कार्य समयमै भएकाले यसपटकको वर्षातमा राजमार्ग अवरुद्ध नभएको उनको भनाइ छ।

# हर्सोल्लासका साथ मनाइयो बकर इद

**इमरान खान/मध्यान्ह**
कपिलबस्तु, ६ साउन

मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर ईद (इदुल जोहा) देशभरका मस्जिदमा सीमित मानिसकाबीच भौतिक दूरी कायम गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै हर्षोल्लासपूर्वक मनाइएको छ।

नयाँ भेरियन्टसहितको कोरोना जोखिम कायमै रहेकाले धेरै मुस्लिम धर्मावलम्बीले भने घरघरमै प्रार्थना एवं नमाज पाठ गरी यो पर्व मनाएका छन्। इदुल फित्र अर्थात् रमजान पर्वको ७० औँ दिनमा बकर ईद मनाउने धार्मिक विधि छ। मुस्लिम धर्मावलम्बीले बुधबार बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढ्ने गरेकामा यस वर्ष कोरोना भाइरसको संक्रमण फैलनसक्ने डरले घरमै पढेका छन्। नमाज पढिसकेपछि एकापसमा शुभकामना आदानप्रदान गर्ने गरिएको छ।

यस अवसरमा विगत वर्षमा दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मिरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लाग्थ्यो। यस वर्ष कोरोना भाइरसको संक्रमण फैलनसक्ने भएकाले राष्ट्रिय मुस्लिम आयोगले पनि घरमै बसेर सुरक्षितरुपमा बकर ईद मनाउन आह्वान गरेको थियो।

यसैबीच कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा, बहादुरगज, चन्द्रौटा, कृष्णनगर, मर्जादपुर, पकडी, अभिरावलगायत कपिलवस्तु जिल्लाभरि इदुल अजहा अर्थात् बकरा ईद मुस्लिम धर्मावलम्वीहरु हर्सोल्लासका साथ मनाइएको छ।

विभिन्न स्थानहरुमा रहेका इदगाह तथा मास्जिदहरुमा भेला भएर सामुहिक नमाज पढेर एक आपसमा अकमाल गरी एकआपसमा जिवनभरि रहेको रिश्भिहरुलाई आजका दिन प्रेममायामा बदली अकमाल गरि एकआपसमा शुभकामना आदान प्रदान गर्ने गरिन्थ्यो तर विगत २ बर्षदेखि कोरोना महामारीले गर्दा नमाज पढी बकरा ईद घरमै



मनाइएको हो। ईदुल अजहा अर्थात बकरा ईदको नमाज पढी सके पछि मुस्लिम धर्मावलम्वीहरु आ–आफ्नो घर गएर जायज मानिएका जनावरहरुलाई आफ्नो क्षमता अनुसारको कुरवानी अर्थात् बली दिने गर्दछन्।

मुस्लिम धार्मिक ग्रन्थ अनुसार अल्लाहले सबै भन्दा प्यारो वस्तु कुरवानी मागेपछि नवि ईब्राहिम अलिहि सलामले आफ्नो प्यारो छोरा इस्माईल अलिहि सलामको बली स्वरुप कुरवानी दिन खोज्दा अल्लाह खुशी भई ईस्माईल अलही सलामको ठाउँमा दुम्बा अर्थात् भेडाको कुरवानी गरेको धार्मिक जन विश्वास रहेको छ।

यस दिनलाई उनीहरु अल्लाहले दुब्बाको कुरवानी लिएर इस्माईल अलिही सलामलाई बचाएको पवित्र दिनको रुपमा स्मरण गर्दै घर घरमा खसी, भेडा, रांगाहरुको बली दिएर कपिलवस्तुका मुस्लिमहरुले ईदुल अजहा अर्थात् बकरा ईद मनाई रहेका छन्। कुरवानीको मासुलाई बराबर ३ भागमा निकालेर पहिलो भागका मासुलाई गरीब तथा असहायहरु जसको कुरबानि गर्ने पैसा हुँदैन उनिहरुलाई दिने र दोस्रो भागका मासुलाई साथीभाइ इष्टमित्रमा बाँडने र तेस्रो भाग मासुलाई घरपरिवारमा बनाएर खाने गर्दछन्।

इस्लाम धर्मलम्बीहरुको दोस्रो ठुलो महान चाडपर्ब बकरा ईद इदुल अजहा यसपटक आज साउन ६ गते बुधबारका दिन परेकाले नेपाल सरकारले सार्वजानिक विदा दिएकोमा मुस्लिम धर्मावलम्वीहरुले नेपाल सरकार प्रति खुशि ब्याक्त गरेका छन। मुस्लिम धर्मावलम्वीहरु इस्लामी महिनाको अन्तीम महिनाको तिन दिन १०, ११ र १२ तारिख तिन दिन सम्म बुरबानी गर्ने गर्छन।

मदरसा अहले सुन्नत नाईमुल ओलुम कपिलवस्तु तौलिहवाका धर्मगुरु हजरत मौलाना अलि हसन निजामी इस्लाम धर्म अनुसार कुरबानी हजरत इब्राहिम अलहीइस्लामको सुन्नत रहेको बताउँछन्।

मध्यान्हसँग कुरा गर्दै उनले भने, 'सुन्नत भनेको जुन काम अल्लाहको खुसीका लागि पैगम्बरहरुले गर्नुपर्छ। अल्लाहतालाले कुरबानी आफनो अन्तीम नबी हजरत मोहम्मद मुस्तफा सल्लाहु अलैही वसल्मको उम्मतका लागि राखीएको थियो। कुरान शरिफमा अल्लाहको आदेश छ। भाग नं ३० पाठ न. १०८ आयत नं. २ मा उल्लेख गरिएको छ। अफनो अल्लाहको लागि नमाज पढा र कुरबानी गरा। अब हेरनु कुरबानी नवीको सुन्नत पनि हो। अनि आल्लाहको हुकुम पनि कुरबानी रहेको छ। कुरबानी वाजिब इबादत हो। कुरबानी गर्नु सबैभन्दा ठूलो धर्म रहेको छ।'

उनका अनुसार कुरबानी गर्ने व्यक्तिको जिम्मा आवश्यकता बाहेक साढे सात तोला सुन अथवा साढे बाउन तोला चाँदी वा सुनचाँदीको मूल्य बराबारको रकम छ भने त्यस्तो व्यात्तिले कुरबानी गर्नुपर्छ। यदी त्यस्तो व्याक्तिले कुरबानी गरेन भने त्यो अल्लाहको नजरमा उक्त व्यक्ति गुनेहगार हुनेछ। कुरबानी गरेसकेपछी मासुलाई तिन भागमा बढ्नु पर्छ एक भाग गरिब लाई दिनुपर्छ। जो गरिबले विभिन्न कारणले गर्दा कुरबानी गर्न सक्दैन त्यस्तो व्याक्तीलाई दिए अल्लाहताला खुशि हुन्छन। दोस्रो भाग आफनो इष्ट मित्र नातेदार वा साथीहरुलाई खुवाउनु अथवा बाँड्नुपर्छ। तेस्रो भागको मासु आफनो घरको परिवारमा खान दिनुपर्ने कुरा कुरानमा उल्लेख गरिएको छ।


कुरबानीका लागि खसी, भेडा,गाई भैसी, रागाँ उटको कुरबानी गरिन्छ। तर हाम्रो नेपालमा हामीले गाईको पुजा गर्ने गर्दछन् अनि गाई राष्ट्रिय जनावार भएकाले हामीले गाईको कुरबानी दिदैनौ बहिरी देशमा गाईको कुरबानी दिने चलन रहेको छ। गाई, भैसी, उटको कुरबानी गर्दा ७ जना मिलेर गरेपछी कुरबानी कबुल भएको मानिने उनको भनाइ छ।

# महाधिवेशनमा जिताउन गाउँपालिका प्रमुखले दिए दबाब

**सन्तोश पौडेल/मध्यान्ह**
खोटाङ, ६ साउन

खोटाङस्थित दिप्रुङ चुइचुम्मा गाउँपालिका प्रमुख भुपेन्द्र राईले आफुलाई १४ औँ महाधिवेशनमा जिताउनका लागी एक नेतालाई दबाब दिएका छन्। सोमबार गाउँपालिका प्रमुख राईले उपप्रमुख सपना राईको कार्यकक्षमा बोलाई महाधिवेशनमा आफुलाई जिताउन दबाब दिएको भन्दै गाउँपालिका वडा नम्बर -१ याम्खाका पार्टी सचिव शुरमणि शर्मा पराजुलीले प्रेस विज्ञप्तिमार्फत सो जानकारी दिएका हुन्।






प्रेस विज्ञप्तिमा सचिव पराजुलीले आफुलाई अधिवेशनमा जिताउन सहयोग नगरे जे पनि गर्न सक्छु भनि धम्की दिएको उल्लेख गर्दै भनेका छन्, 'अधिवेशन पछि तिमी पार्टीमा रहने की नरहने विचार गर्नु, यो अन्तिम पटक चेतावनी दिएको हूँ।' आफ्नो गाउँपालिका प्रमुख तथा नेपाली कांग्रेशका पदीय मर्यादाको समेत ख्यालै नगरी तल्लो स्तरमा गिरेर निच शब्दहरुको प्रयोग गरि प्रमुख राईले आफुलाई मानसिक पीडा दिएको विज्ञप्तीमा उल्लेख छ।

विज्ञप्तिमा उनले लोकतन्त्रमा प्रत्येक नागरिकहरुलाई स्वतन्त्ररुपमा बाँच्न पाउने, आफुलाई मनपरेको विचार मिल्ने, व्याक्ति वा संघ सस्थाहरुलाई समर्थन गर्न पाउने अधिकार प्रत्येक नागरिकलाई हुने भन्दै पालिका प्रमुख जस्तो गरिमामय पदमा भएको व्याक्तिबाट यस किसिमको धम्की तथा दुर्व्यबहारप्रति न्याय पाउन नेपाली कांग्रेस, मानव अधिकार समाजसेवी र आम सरोरकारवालाई निकाय समक्ष अपिल गरेका छन्। सचिव पराजुली २०७२ सालदेखि नेपाली कांग्रेसको क्रियाशिल सदस्यको रुपमा कार्यरत छन्।

यस्तै, यस घटना प्रति नेपाली कांग्रेस प्रदेश ख क्षेत्रीय कार्यसमिति खोटाङले पनि प्रेस विज्ञप्ति जारी गर्दै घटना प्रति आपत्ति जनाएको छ। आफ्नै पार्टीको वडा सचिवमाथि आफ्नै पार्टीको नेता महादिवेशन प्रतिनिधि तथा पालिका प्रमुख राईले १४ औं महाधिवेशनको सन्दर्भलाई लिएर पार्टीको वडा सचिव पराजुलीलाई गालि गलोज गर्दे अपमान गर्ने तल्लो तहको शब्द प्रयोग गरि आफ्नो मर्यादा र ओहोदा विर्सिएर मानसिक पीडा हुने गरि धम्की दिनु नेपाली कांग्रेसको नीति तथा संस्कार विपरित रहेकाले यसरी धम्की दिने कार्य अत्यन्तै लज्जास्पद, खेदपूर्ण र आपत्तिजनक रहेको विज्ञप्ति लेखिएको छ।

घटना प्रति जिल्ला पार्टीले सो घटनाको सत्य,तथ्य पत्ता लगाउन छानविन समिती गठन गरि छानविनको प्रक्रिया अगाडी बढाई दोषी माथि कडा अनुशानको जोडदार कारबाही गरियोस भन्ने माग समेत विज्ञप्तीमा उल्लेख गरिएको छ। साथै पीडित सचिव पराजुलीलाई यस्ता गुण्डा गर्दी शैलिमा गरिने धाक धम्कि र गतिविधीबाट विचलित नभई संयमित र अनुशासित हुन आग्रह गरिएको छ। विज्ञप्तीमा नेपाली कांग्रेसका क्षेत्रिय सभापति तिर्थराज भट्टराईले हस्ताक्षर गरेका छन्।



*दार्चुलाको उत्तरी क्षेत्रका महिला बच्चासहित महाकाली नदीमाथिको तुइन तर्दै। सरकारले विसं ०७४ असोजभित्रै देशभरका तुइन विस्थापन गर्ने भने पनि महाकाली नदीमाथि लगाइएका तुइन अझै विस्थापन भएको छैन। तस्बिर: रासस*

## नुवाकोट डायरी

दिवस ढकाल/मध्यान्ह

# नुवाकोटमा निषेधाज्ञाको प्रोटोकल प्रशासनबाटै उलंघन

नुवाकोटमा निषेधाज्ञाको प्रोटोकल जिल्ला प्रशासनबाटै उलंघन भएको छ। जिल्ला प्रशासन कार्यालय नुवाकोटले साउन १ देखि जिल्लाभर लागु हुने गरी जारी गरेको निषेधाज्ञाको उलंघन गर्दै जिल्लामा सार्वजानिक यातायातका साधनले मनोमानी भाडा असुल्दै सवारीसाधन सञ्चालनमा ल्याएका छन्। साउन १ गते मध्यरातदेखि साउन १० गते सम्म सार्वजानिक यात्रुबहाक सवारीसाधन सञ्चालन गर्न नपाउने जिल्ला प्रशासन कार्यलय नुवाकोटले निर्देशन गरेको छ। नुवाकोटमा कोरोना संक्रमणको अवस्था न्युनिकरण नभएको बताउँदै कोभिड-१९ जिल्ला संकट व्यवस्थापन केन्द्रको सिफारिसमा साउन १० गते सम्म निषेधाज्ञा जारी गरेको थियो। तर प्रशासनको निर्देशनलाई उलंघन गर्दै सार्वजानिक सवारीसाधनहरुले मनलाग्दी भाडादर असुल्दै यात्रुहरु बोक्न थाल्दा प्रहरी प्रशासन र जिल्ला प्रशासन मुकदर्शक बनेर बसेको देखिन्छ। सरकारले राष्ट्रिय स्तरमा अन्तरप्रदेश चल्ने सवारीको २८ प्रतिशतसम्म भाडा बढाएको भएपनि यातायात व्यवसायीले आफूखुशी भाडा असुल्दै आएका छन्। यातायात व्यवस्था विभागले लामो दूरीमा मात्रै भाडा बढाएको र स्थानीय तथा प्रादेशिक स्तरका रुटमा सम्बन्धित स्थानीय तह र प्रदेशले नै भाडा बढाउन सक्ने बताउँदै आएको छ।



तर, अहिलेसम्म कुनै पनि प्रदेश र स्थानीय तहले भाडा वृद्धिको निर्णय नलिएको अवस्थामा नुवाकोटका यातायात व्यवसायीहरुले आफुखुशी भाडा बढाएका हुन्। अहिले नुवाकोटबाट काठमाडौं सम्मको भाडादर ५ सय रुपैयाँ सम्म तिर्नुपरेको सर्वसाधारणले गुनासो गरेका छन्। सम्बन्धित स्थानीय निकाय र जिल्ला प्रशासन कार्यालयको अनुमति नलिई जिल्लाको विभिन्न स्थानीय रुटमा चल्ने सार्वजनिक यातायातले पनि भाडा बढाएका छन्।

नुवाकोटदेखि काठमाडौंसम्म यसअघि यात्रुबहाक डिलक्स बसले २ सय रुपैयाँ र एसीसहितको बसले ३ सय २० रुपैयाँ लिने गरेको भएपनि अहिले सबै यात्रुबाहक बसले कोरोना भाइरसको कारण देखाउँदै ५ सय रुपैयाँ असुल्ने गरेको यात्रुहरुले गुनासो गरेका छन्। यातायात व्यवसायीहरुले कोरोना भाइरसबाट आफूहरुले धेरै क्षति व्यहोरेको भन्दै स्वास्थ्य सर्तकता अपनाउँदै आफूहरुले सवारी चलाएको र सिट क्षमताभन्दा कम यात्रुहरु राखेको भन्दै साविक भन्दा केही बढी भाडा लिएको बताउँछन्। यात्रुवाहक वसले बढी भाडा लिने गरेको गुनासो आम सर्वसाधारणहरुले गरेपनि जिल्ला प्रशासन कार्यालय नुवाकोट र जिल्ला ट्राफिक कार्यालय मौन बसेको छ। जिल्ला प्रशासन कार्यालय नुवाकोट आफैंले आदेश जारी गर्दै सार्वजानिक सवारी सञ्चालन पुर्ण रुपमा रोक लगाएको भएतापनि प्रशासन आफैंले आदेशको उलंघन गरी सञ्चालनमा रहेका सवारीसाधनहरुलाई सन्चालनमा कुनै रोक लगाएको छैन।

जिल्ला ट्राफिक प्रहरी कार्यालय नुवाकोटका असाई सुरेन्द्र बिष्टले आफूहरुले महँगो भाडा अशुली गर्नेलाई कारबाही गर्ने बताए। निषेधाज्ञा भए पनि सवारी साधन नरोक्नुस भन्ने आदेश छ' बिष्टले भने, 'थोरै संख्यामा गाडीहरु संचालनमा छन,यात्रुहरुको विभिन्न गुनासोको कारण प्रोटोकल विपरीत भएपनि सवारी साधन सञ्चालनमा रोक लगाउन सकेका छैनौं।' प्रशासनकै आदेशको उलंघन गरी सवारीसाधनहरु सञ्चालनमा आउँदा समेत प्रशासन मौन बसिरहेको छ।

निषेधाज्ञाको समयमा प्रहरी र प्रशासनमा पँहुच भएका व्यवसायीहरुले सार्वजनिक सवारी सञ्चालन गरिरहेका छन्। प्रदेश र स्थानीय तहले अझै नयाँ भाडादर नतोकिसकेकाले यसरी भाडा बढाउनु अवैध भएको यातायात व्यवस्था विभागले जनाएको छ। 'प्रादेशिक सार्वजनिक यातायातको हकमा सम्बन्धित प्रदेश सरकार र स्थानीय सार्वजनिक यातायातको हकमा स्थानीय सरकार वा सम्बन्धित निकायबाट समायोजन नभएसम्म साविक बमोजिमकै भाडादर लागु गर्न विभागले निर्देशन गरेको छ।

नुवाकोट प्रशासनको चरम लापरवाहीको कारण जिल्लामा निषेधाज्ञाको समयमा समेत निर्वाध रुपमा बजार क्षेत्रका पसल तथा सवारीसाधन चलेपछि यातायात व्यवसायीहरुले सवारीसाधन संचालन गरेको बताएका हुन्। जिल्लामा लामो तथा छोटो दुरीका सवारीसाधन संचालन भएसँगै बजार क्षेत्रमा सर्वसाधारणहरुको चहलपहल बढेको छ। नुवाकोटमा गत बैशाख २१ गते निषेधाज्ञा जारी भएदेखि नै निषेधाज्ञाको फितलो कार्यान्वयन गरेको जिल्ला प्रशासन कार्यालय नुवाकोटका प्रमुख जिल्ला अधिकारी जीवन प्रसाद दुलाल भने मौन बसेका छन्।

## दुप्चेश्वरमा माथिबाट आएको ढुंगाले भौतिक संरचनामा क्षति



नुवाकोटको दुप्चेश्वर गाउँपालिका-७ शिखरवेशीमा बुधबार विहान घर माथिको पहराबाट उछिट्टिएर आएको ठूलो ढुंगाले स्थानीय रामचन्द्र नेपाल, विष्णु नेपाली र शान्ता दमाईंको को घर पुर्ण रुपमा क्षति बनाएको छ। बुधबार विहान करिब ९:३० बजे तिर ढुंगा उछिट्टिएर आएको स्थानीयले जानकारी दिए।

मान्छे घरमा नभएको समयमा पहिरो आएको मानवीय क्षति नभए पनि पशु चौपायाको पूर्ण क्षति भएको गाउँपालिका अध्यक्ष योगेन्द्र सिंह तामाङले जानकारी दिए। परिवारको सानो बालिका घाइते भएको र उपचारको लागि काठमाडौं ल्याइएको उनले बताए। घटना भएको थाहा पाए लगत्तै उद्धारको लागि पहल गरिएको गाउँपालिकाले जानकारी दिएको छ। गाउँपालिकाले पिडित परिवारलाई खाध्यान्न लागाएर अत्यावश्यक सामग्रीहरु वितरण गरेको गाउँपालिका अध्यक्ष तामाङले बताए। गाउँपालिकाको बैठक बसेर जोखिमयुक्त पहरा मुनिको असुरक्षित बस्ती स्थानान्तरणको लागि प्रयास गरिने तामाङले बताएका छन्।

## सम्पादकीय

# कोर्स करेक्सनको यात्रा

प्रधानमन्त्री शेरबहादुर देउवाले विश्वासको मत पाएपछि राजनीतिक दौडधुप ज्यादा देखिएको छ। हत्तपत्त अन्य राजनीतिक दलका नेताहरूसँग सम्वाद र भेटघाट नगर्ने नेपाली काँग्रेसका सभापति देउवा २९ असारमा सर्वोच्च अदालतको परमादेशअनुसार प्रधानमन्त्री नियुक्त भए। त्यसपछि प्रधानमन्त्री देउवा कहिले पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल निवास कोटेश्वर, कहिले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड निवास खुमलटार पुगिरहेका छन्। विशेषगरी प्रधानमन्त्री देउवाका निम्ति एमाले नेता नेपाल र माओवादी अध्यक्ष प्रचण्डसँगको भेटवार्ता महत्वपूर्ण बनेको छ। हुनपनि देउवा जसरी प्रधानमन्त्री नियुक्त भएका छन्, त्यो संसदीय समीकरण नै दौडधुप र सहकार्यलाई बढी जोड दिनुपर्ने प्रकृतिको छ।

तर एमालेका अध्यक्ष एवम् निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि विकसित परिस्थितिमा देउवा प्रधानमन्त्री बने। जबकी देउवा सभापति रहेको नेपाली काँग्रेससँग प्रतिनिधिसभामा ६१ सांसद मात्रै छन्। २७५ सदस्यीय प्रतिनिधिसभामा हाल २७१ सदस्यीय रहेकाले प्रधानमन्त्री बन्न १३६ सांसद आवश्यक पर्छ। तर काँग्रेस र माओवादी केन्द्र मिल्दा पनि यति संख्या पुग्दैनथ्यो। माओवादी केन्द्रका चार सांसद पदमुक्त भएकाले अहिले ऊसँग ४९ सांसद छन्। यो जोड्दा ११० मात्रै पुग्छ। राष्ट्रिय जनमोर्चाले साथ दिदा १११ सदस्यीय हुन्छ। देउवा प्रधानमन्त्री बन्न अझै २५ सिट पुग्दैन। जनता समाजवादी पार्टी (जसपा) एकमत नरहँदा अध्यक्ष उपेन्द्र यादवको पक्षमा १२ सांसद मात्रै थिए। पछि संसद् पुनर्स्थापना पछि २० पुगेको दावी गरेका छन्।

तर एमाले नेता नेपाल पक्षका २३ सांसदले साथ दिदा देउवा प्रधानमन्त्री बने। विश्वासको मत लिनेबेला जसपाको महन्थ ठाकुर पक्षले पनि पक्षमा मत दिए। यसको अर्थ देउवा सरकार एउटा महागठबन्धनको जगमा उभिएको छ। त्यसैले अहिलेसम्म पाँच सदस्यीय मन्त्रिपरिषद्बाट देउवा सरकार चल्दै आएको छ। सत्ता समीकरणको सकस देउवाको दौडधुपले लुकेको छैन। अर्थात् फेरि पनि सत्ता संघर्ष चर्कने संभावना देखिन्छ। २०७४ को निर्वाचनबाट झण्डै दुई तिहाइ बहुमत पाएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र चर्किएको सत्ता संघर्षकै कारण अहिलेको परिस्थिति आएको पृष्ठभूमि समेत हामीसँग छ। अर्थात्, देउवा सरकारले त्यो गल्ती गर्नु हुन्न, जसले फेरि प्रतिनिधिसभा पूरा कार्यकाल नटिकोस्। बरू, सत्ता सहकार्यको न्यूनतम मानक निर्माण गर्ने र सहकार्यलाई विशेष जोड दिनु नै यो सरकारको प्राथमिकता हो।

## सामाजिक सञ्जाल



संविधानले दिएको स्वविवेक प्रयोग गरेको भन्दैमा हुन्छ ? स्वविवेक पनि कहाँ प्रयोग गर्ने, कहाँ नगर्ने भन्ने हुन्छ नि। जहाँ प्रयोग गर्दा पार्टीलाई हानी नोक्सानी हुन्छ भने त्यहाँ प्रयोग गरिँदैन। यहाँ अर्कै पार्टीको मान्छेलाई प्रधानमन्त्री बनाउन प्रयोग भएको छ। यो कुनै हालतमा क्षम्य हुँदैन।

**- निर्मल न्यौपाने**



जनता बाढी पहिरो तथा कोरोना को कारणले बेघरबार बनेका छन। भरे के खाऊ भोली के खाऊ भन्ने अवस्थामा छन। करोडौंका मालिक झलनाथलाई जनताको सरकारले उपचार खर्च व्यहोर्ने कुरा अत्यन्तै अन्यायपूर्ण, हाँस्यस्पद तथा अलोकप्रिय निर्णय हो। यो देश जनताको होइन् नेताको मात्र रहेछ भन्ने स्पष्ट भएको छ।

**- गोकर्ण घिमिरे**



एउटा गर्भवती महिलाले हेर मेरो पेट भन्दै सार्वजनिक रूपमा फरक–फरक शैलीमा पटक – पटक प्रदर्शन गर्नू संस्कार हो भन्दै केहि नारीहरूले पक्षपोषण गरेको देखियो। अब ति अल्ट्रा मोडर्न नारीहरूले उश्रृंखलता, निर्लजता, असभ्यता र कुसंस्कार चैँ केलाई भन्दा रैछन् जान्न पाए आभारी हुने थिए।

**- सरोज पोखरेल**



घनश्याम भुषालदेखि बिनोद चौधरीसम्मले रेन्ट सिकिङ कुतखोरी प्रणालीको बिरोध गर्छन् तर, देशबाट बिचौलियावाद निर्मुल गर्न कुनै पहल गर्दैनन्, किन ? न त राज्य चलाउनेहरूले त्यो प्रथा निर्मुल पार्न ध्यान दिन्छन, किन ?

**- बिमल लामिक**



विपक्षमा हुँदा कुलमान घिसिङ बद्नियतपूर्ण बहिर्गमन दुख लाग्थ्यो, डा. गोविन्द केसीको माग जायज लाग्थ्यो। अहिले सत्तामा आएपछि कुलमान घिसिङ र डा. केसीको नामै सुन्न नचाहने ? लोडसेडिङ र स्वास्थ्य स्तरोन्नति अहिले प्रमुख समस्या छ फेरी।

**- निर्मल प्रसाईं**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला। समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं। कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

**सन्दर्भः वीपी स्मृति दिवस**

# समाजवादको आधारशीला र वीपी कोइराला

२०१५ सालमा सरकारमा गएपछि वीपीले सारा देशभरका राजा रजौटा उन्मूलन ऐन ल्याए र राजा रजौटा उन्मूलन गरेका थिए। उनीहरूको कब्जामा रहेका वनजंगल र अन्य प्राकृतिक स्रोत साधनको राष्ट्रियकरण गरेका थिए। राणाहरूले आफ्ना भाइ-भारदार र कर्मचारी वा पुरोहितलाई दिएका बिर्ताजग्गा बिर्ता उन्मूलन ऐन ल्याएर राष्ट्रियकरण गरेका थिए।



● लोककृष्ण भट्टराई

> समाजवादको आधारशीला भने यिनले आफ्नो पार्टीको २०१२ सालको सम्मेलनमा भने राखे। त्यसको आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक आधारशीला कति राज्यले गर्ने र कति नीजि क्षेत्रले गर्ने भन्ने कुराको प्रारूप भने किताबको रूपमा यिनले लेखेनन्। फलस्वरूप यिनका अनुयायीले आज नेपालमा समाजवाद भनेको नीजि क्षेत्रको विकास मात्र हो भन्ने नकारात्मक कुरा मात्र बुझे र भ्रष्टाचारको नियन्त्रण नगरेर देशमा अथाह भ्रष्टाचार बढाए।

नेपाली सभ्यता राष्ट्रिय जागरण र जनतालाई अधिकार सम्पन्न गराउने लोकतान्त्रिक आन्दोलनको सर्वाधिक चर्चित नाम हो वीपी कोइराला। यिनी वि.सं. १९७१ मा भारत बिहारको सहर्षा जिल्लामा कृष्णप्रसाद कोइराला र दिव्या कोइरालाबाट जन्मिएका थिए। यिनका पितालाई हालको सिन्धुली जिल्लाको दुम्जामा सबभन्दा अग्लो घर बनाएको भनेर सिन्धुली जिल्लाबाट निष्काशन गरिएको थियो र उनी मोरङ जिल्लामा गएर बसेका थिए। राणाहरूले यिनको भारतीय स्वतन्त्रता संग्रामका नेताहरूसँग सम्बन्ध राखेको भनेर सरकारी जागिर (सुब्बा)बाट खोसुवा गरेका थिए। पटक-पटक जेल हाल्ने र छोड्ने पनि गरे। पछि राणाहरूले कृष्णप्रसाद कोइरालालाई देश निकाला गरे। यसरी यिनी बिहारका विभिन्न ठाउँमा बस्दा बिहारमै वीपी कोइरालाको जन्म भएको हो। यिनको प्राथमिक स्तरको शिक्षादीक्षा बिहारकै पूर्णिया जिल्लामा भएको थियो। यिनको विश्वविद्यालय स्तरको शिक्षा चाहिँ बनारस हिन्दु विश्वविद्यालयमा भएको र यिनले कानुनमा स्नातक चाहिँ कलकत्ताबाट गरेका थिए। हाईस्कुल स्तरको शिक्षा हासिल गर्दा भारतमा अंग्रेज साम्राज्यवाद विरूद्ध भारत छोडो आन्दोलन चरम रूपमा अघि बढी रहेको थियो।

भारत प्रवासमा रहँदा आम्दानी केही नभएको र परिवार पाल्न कृष्णप्रसाद कोइरालालाई धौधौ परिरहेको त्यो बेला यिनी निम्न वर्गीय अवस्थामा रहेकाले मार्क्सवादतर्फ आकर्षित भएका थिए। कलेजमा भर्ना भएर स्नातक पढ्दासम्म यिनी भारतीय कम्युनिष्ट पार्टीको सदस्य भई सकेका थिए। पछि भारत छोडो आन्दोलन र यिनका पिता कृष्णप्रसाद कोइरालाको सम्बन्ध महात्मा गान्धी, जयप्रकाश नारायण र राम मनोहर लोहियासँग राम्रो भएकाले यी ३ व्यक्तिको प्रभावबाट यिनले कम्युनिष्ट दर्शन छोडेर लोहियाको लोकतान्त्रिक समाजवादी दर्शन (जो वर्नस्टिनबाट प्रभावित थिए) लिए। यिनी पछिसम्म त्यही दर्शनबाट प्रभावित भईरहे। पछि फेरि यिनका पिता कृष्णप्रसाद कोइरालालाई राणा शरकारले देशभित्र आउन पाउने गरी माफी दियो। उनी विराटनगर आएर पुनः समाजसेवामा तल्लीन हुन थाले। भारतीय स्वतन्त्रता सङ्गामीहरूलाई सहयोग पुऱ्याउँदै नेपालमा राणाहरूको विरोधमा जनचेतना बढाउँदै रहे। यही मौकामा यिनलाई पुनः पक्राउ गरियो र अड्डासार गर्दै काठमाडौं ल्याइयो। पक्राउ पर्दै यिनी बिरामी थिए। काठमाडौंको अस्वस्थ्यकर जेलमा यिनलाई राखियो। यिनी झन बिरामी पर्दै गए। अन्त्यमा जेलमै रहेको अवस्थामा कृष्णप्रसादको मृत्यु २००१ सालमा भयो। यसबाट झन वीपीमा राणाहरू विरूद्ध घृणा अझ बढ्यो र यिनले प्रवासमा रहेका नेपालीहरूलाई राणाशासनको विरोधमा संगठन गर्न थाले। यिनले नेपालमा ४ सहिदलाई फाँसी दिएको विरोधमा दार्जिलिङबाट वक्तव्य जारी गरेका थिए। कलकत्तामा पढ्दादेखि नै यिनी अङ्गेजविरूद्ध संघर्षमा लागे। भारतीय जेलमा पनि पटक पटक परे। यिनले संघर्षशील दलको आवश्यकता देखेर नेपाली राष्ट्रिय काँग्रेसको स्थापनामा महत्वपूर्ण पहल गरेका थिए।

वीपीलगायत मिलेर नेपाली राष्ट्रिय काँग्रेसको स्थापना भयो। त्यसबेला आधुनिक नेपालका सबै हस्तिहरू त्यो नेपाली राष्ट्रिय काँग्रेसमा थिए। यही मौकामा नेपालको एकमात्र शहर जो त्यसबेला र अहिले पनि औद्योगिक शहरको रूपमा गणना गरिन्छ- मा विराटनगर जुट मिल थियो। त्यसमा युनियन थिएन। यिनको निर्देशनमा गठन भएको जुटमिलको ट्रेड युनियनमा यिनका भाइ गिरिजाप्रसाद कोइराला सभापति र मनमोहन अधिकारी महासचिव बनेर पहिलो ट्रेड युनियन गठन भएको थियो। विराटनगर जुटमिलमा हडताल गराउन यिनी विराटनगर आए र पहिलो ट्रेड युनियन गठन र हडताल भयो। यिनलाई राणाशासकले पक्ड्यो र पूर्वाञ्चलको धनकुटा लगेर थुन्यो। धनकुटामा राखेपछि पछि काठमाडौं-भोजपुर-ओखलढुङ्गा-रामेछाप-काभ्रे हुँदै पैदल हिँडाएर काठमाडौं ल्यायो। त्यसबेला यिनलाई नख्खुजेलमा थुनिएको थियो। त्यसपछि यिनले जेलमै भोकहडताल गरे र महात्मा गान्धीको दबाबले यिनलाई राणाहरूले जेलबाट छाडे। यसअघि यिनी भूमिगत रूपमा काठमाडौंमा संगठन गर्न आएका थिए। गणेशमान सिंह जेलबाट भागेर मकवानपुरको बाटो हुँदै भारतको बनारस पुगेपछि यिनको भेट भयो र यी एउटै विचार र एउटै पार्टीमा लाग्ने र राणाशासन फाल्ने प्रण गरेका थिए।

गणेशमान सिंहको सुझावले नै वीपी काठमाडौं आएका थिए। काठमाडौं आएर यिनले तत्कालीन राणाहरूको विरोधमा लागेका युवाहरू सूर्यबहादुर भारद्वाज, प्रेमबहादुर कंसाकार, शम्भुराम श्रेष्ठ र गौरीभक्त प्रधानलगायतलाई भूमिगत रूपमा भेटेका थिए। यिनलाई त्यौडटोलमा भेट गर्दागर्दै राणाहरूको गुप्तचरले थाहा पायो र पक्राउ गऱ्यो। उनी कौशी र छानाछानाबाट भागे। तर त्यसबेला गौरीभक्त प्रधानलाई राणाहरूको गुप्तचरले पक्रियो र उनी करीब डेढ वर्ष जेल बसे। काठमाडौं जागरणमा सुन्दरराज चालिसे, शम्भुराम श्रेष्ठ, प्रेमबहादुर कंसाकार, पुष्पलाल, साहना प्रधान, स्नेहलता श्रेष्ठ, कामाक्षी देवी राणा, मङ्गलादेवी सिंहको प्रमुख हात थियो। यिनले भारत फर्किएपछि त्यसबेला 'सि' क्लासका राणाहरूले महेन्द्रविक्रम शाह र सुवर्ण शम्सेरलाई नेता बनाएर प्रजातन्त्र काँग्रेस खोलेका थिए। डा. रेग्मी र यिनको बीचको राष्ट्रिय काँग्रेसको झगडामा पुष्पलालले जति मध्यस्थता गरे पनि मेलमिलाप हुन सकेन। त्यसको विपरीत यिनले प्रजातन्त्र काँग्रेस र नेपाली राष्ट्रिय काँग्रेसलाई मिलाएर वि.सं.२००६ सालको चैत महिनामा नेपाली काँग्रेस स्थापना गरे। यो पार्टीले यिनका दाजु मातृकाप्रसाद कोइरालालाई नेतृत्वमा लियो र वैरगनियामा सम्मेलनको आयोजना गऱ्यो। सो सम्मेलनले नेपालमा राणाहरूको विरूद्ध सशस्त्र संघर्ष गर्ने निर्णय गऱ्यो र यिनका दाजु मातृकाप्रसाद कोइरालालाई सुप्रिम कमाण्डर बनायो। मातृका सुप्रिम कमाण्डर भए पनि पार्टी र सेनामा यिनै बढी जनप्रिय थिए र २००७ सालको क्रान्तिमा राणाहरूले आत्मसमर्पण गरेर नेहरूको मध्यस्थतामा दिल्ली सम्झौता गरेपछि राणा-काँग्रेस सयुक्त मन्त्रिमण्डल गठन गर्ने सम्झौता भयो। मोहन शम्सेर प्रधानमन्त्री भए र यिनी विद्रोहीका तर्फबाट दोस्रो नम्बरको पोर्टफोलियो लिएर गृहमन्त्री भए।

दिल्ली सम्झौताको विरोधमा देशभक्तिपूर्ण आन्दोलनको सूत्रपात पुष्पलालले गरिसकेका थिए। काठमाडौंमा विरोध प्रदर्शन भयो र विद्यार्थी नेता चिनिया काजी मारिए। उनले अरू मतभेदका अलावा चिनीया काजीको मृत्यु पछि नैतिकताका आधारमा राजीनामा दिएको कुरा पछि उल्लेख गरेका छन्। त्यसपछिका ७ वर्ष नेपालबाट भागेर हिँडेका राजा त्रिभुवन र उनका छोरा महेन्द्रले विभिन्न दलका मानिसलाई उचालेर राजतन्त्रलाई स्थापित गर्न खोजे। संविधान सभाको निर्वाचन गर्ने आफ्नै घोषणा स्वयं त्रिभुवनले विभिन्न षडयन्त्र गरेर तुहाउन खोजे। यसमा धेरै दल र नेताहरू जानेर वा नजानेर सहभागी भए।

त्यसबेला नेपाली काँग्रेस स्थापनाको हाराहारीमा नेपाल कम्युनिष्ट पार्टी पुष्पलालको नेतृत्वमा स्थापना भई सकेको थियो। यसले नेपाली मजदुर किसानमा दिल्ली सम्झौताको विरोधमा जबरजस्त प्रभाव जमाई सकेको थियो। यसले संविधान



सभाको चुनाव गराउन जनआन्दोलनको सूत्रपात गरेको थियो। वि.पी.कोइराला नेहरू र तत्कालीन दरबारको चेपुवामा परेका थिए। यिनले संविधान सभाको चुनाव नगराउने षडयन्त्रका विरूद्ध आन्दोलन गर्ने निर्णय गरे र वि.सं. २०१४ सालमा पहिलो सत्याग्रह भयो। यसबाट दरबार त्रस्त भएर सम्झौता गर्न खोज्यो। वि.पी.ले संविधान सभाको निर्वाचन गराएर संविधान जारी गर्ने कुरामा सहमति नगरेर राजा महेन्द्रसँग सम्झौता गरी आयोगबाट राजाका हातमा सेना परिचालन गर्ने अधिकार राखेर बनाएको संविधान बमोजिम संसदको चुनाव गर्न राजी भए। वि.पी.ले नेपाली जनआन्दोलनको इतिहासमा सबभन्दा ठूलो भूल पहिलो पटक गरेका थिए। वि.सं. २०१५ सालमा संसदको चुनाव भयो। उनले नेतृत्व गरेको पार्टी नेपाली काँग्रेसले दुइतिहाई बहुमत ल्यायो।

राजा महेन्द्रलाई वीपीको नेतृत्वको पार्टीले चुनावमा यति धेरै सिट ल्याउँछ भन्ने आंकलन थिएन। त्यसैले काँग्रेस पार्टी संसदीय दलको नेता वि.पी. नछानियुन् अरू कोही छानियुन् भन्ने कामना र षडयन्त्र दरवारले गरेको थियो। दरबारले सुवर्ण शम्सेरलाई उकासेको थियो तर सुवर्ण शम्सेरको सुझबुझपूर्ण रवैयाले वीपीको दलभित्र अनहोनी हुन पाएन। वि.पी. संसदीय दलको नेता छानिए र प्रधानमन्त्री भए। तर उनलाई शपथ गराउन समेत राजा महेन्द्रले आनाकानी गरेका थिए भनिन्छ। प्रधानमन्त्री भएपछि यिनले केही राम्रा सुधारात्मक काम शुरू गरे। जस्तै यिनले लोकतन्त्रमा न्यायलय स्वतन्त्र र सम्मानजनक हुनुपर्दछ भन्ने मान्यतामा सरकारमा बस्नेलाई ल्याए र प्रधानमन्त्रीको भन्दा प्रधान न्यायाधीशको तलब केही बढी र मन्त्रीको भन्दा सर्वोच्चका न्यायाधीशको तलब केही बढी राख्ने मान्यता राखे। यसबाट न्यायपालिकामा भ्रष्टाचार नहोस् र सरकारका अन्य अङ्गमा भएको भ्रष्टाचारलाई न्यायपालिकाले नियन्त्रण गरोस्।

वीपीले सारा देशभरका राजा रजौटा उन्मूलन ऐन ल्याए र राजा रजौटा उन्मूलन गरे। उनीहरूको कब्जामा रहेका वनजंगल र अन्य प्राकृतिक स्रोत साधनको राष्ट्रियकरण गरे। राणाहरूले आफ्ना भाइ-भारदार र कर्मचारी वा पुरोहितलाई दिएका बिर्ताजग्गा बिर्ता उन्मूलन ऐन ल्याएर राष्ट्रियकरण गरे। यसको अलावा २०१३ सालमा टंकप्रसाद आचार्यले शुरू गरेको भूमिसुधार कार्यक्रमलाई अझ बढी जनपक्षीय कम हदबन्दी तोकी लागू गर्ने क्याबिनेट निर्णय गरेर भूमिसम्बन्धी ऐन ड्राफ्ट गरी संसदमा पेश गरे। यो क्रान्तिकारी भूमिसुधारकै प्रारूप थियो। यसरी बिर्ता उन्मूलन ऐन, क्रान्तिकारी भूमिसुधार, छुवाछुत विरोधी ऐन, वनजंगल राष्ट्रियकरण ऐन, यी सब सुधारात्मक आन्दोलन र कानुनले सामन्त वर्ग रूष्ट भयो र तत्कालीन राजालाई उकास्यो। २०१७ साल पौष १ गते सेनाको सहायताले राजाले निर्वाचित प्रधानमन्त्रीलाई गिरफ्तार गरे। थापाथलीको तरूण दलको सम्मेलनबाटै गिरफ्तार गरेर सङ्कटकाल लगाए। त्यसको छ महिनापछि उनलाई सुन्दरीजल आर्मीब्यारेकमा राखियो। उनलाई कसैसँग समेत भेट गर्न नदिई राखियो। उनी निश्चिन्त भएर जनताको लोकतन्त्रका पक्षमा रहँदै आए।

२०१७ सालदेखि वि.सं.२०२५ सम्म ८ वर्ष वीपीलाई जेलमा राखियो। २०२५ सालमा जेलबाट उनी छुट्नासाथै विराटनगर गए। विराटनगरको एलिटक्लबमा बहुदलीय लोकतन्त्रको पुनर्बहाली गर्ने भाषण दिए। विराटनगरको बरगाछी पत्रिकामा नेपालमा राजतन्त्रको अवशेषले जहिले पनि लोकतन्त्र निमोठिनु परेको कुरा गरे र नेपालमा गणतन्त्र स्थापित हुनुपर्ने जिकीर गरे। त्यसपछि उनी भारत प्रवास गए। भारत प्रवासबाट सशस्त्र निशस्त्र सबै प्रकारका संघर्ष शुरूवात गरे। चितवन र ओखलढुङ्गा काण्ड यसका उदाहरण हुन्। भारतमा इन्दिरा गान्धीले लखेटेपछि उनी राष्ट्रिय मेलमिलापको कार्यनीति लिएर नेपाल पसे। नेपाल सरकारले फेरि जेल हाल्यो। पछि राजा वीरेन्द्रले उपचारको लागि छोडे पछि उनी अमेरिका गएर उपचार गरे। फर्किदा राजतन्त्रले उनका अनुयायी क्याप्टेन यज्ञवहादुर थापा र भिमनारायण श्रेष्ठलाई फाँसी दियो। यसै मौकामा जनरल जियाउल हकले पाकिस्तानका लोकप्रिय नेता जुल्फिकर अलि भुटोलाई फाँसी दियो। त्यसको विरोधमा नेपालमा विद्यार्थी आन्दोलनले चरम रूप लियो। राजाले जनमत सङ्ग्रहको घोषणा गरे। वीपीले जनमतमा भाग लिने निर्णय गरे।

त्यसबेला कम्युनिष्ट र काँग्रेस एकमत भएर चुनाव प्रचार गरेको भए बहुदलीय व्यवस्थाले चुनाव जित्थ्यो। कम्युनिष्टहरूसँग नमिल्ने उनले निर्णय गरे। छुट्टाछुट्टै प्रचार गर्दा बहुदलीय व्यवस्थाको हार भयो र निर्दलीय व्यवस्था सहितको संविधान बन्यो। वीपीले उक्त संविधानलाई स्वीकार गरेर तेस्रो गल्ती गरे। वीपी कोइरालासँग यो पङ्क्तिका लेखकले नै प्रत्यक्ष भेटेर कुरा गरेको र कुराकानीमा 'भारतमा इन्दिरा गान्धीको सङ्टकाल विरूद्ध जयप्रकाश नारायणको नेतृत्वमा ठूलो जनआन्दोलन भयो। त्यस आन्दोलनमा दक्षिणपन्थी जनसंघदेखि वामपन्थी नक्सालवादी कम्युनिष्ट पार्टीसम्मलाई एक गराएका थिए- तपाईंले यहाँ किन गर्नु भएन भन्दा उनले प्रजातन्त्र र बहुदलीयतामा यहाँका कम्युनिष्ट समुहहरूले कमिन्टमेन्ट गरेका छैनन् त्यसैले मैले उनीहरूसँग कार्यगत एकता गर्न आधार देखिन। पुष्पलाल समुह र मनमोहन समुहसँग कार्यगत एकता हुन सक्थ्यो तर त्यतिबेला गल्ती भयो।' भन्ने कुरा राखेका थिए। वीपीका पालामा नेपालको हित विपरीत गण्डक सम्झौता भारतसँग भयो। तर यिनले जीवनको उत्तरार्धमा आएर गलत भएको महसुस गरे। नेपालको राष्ट्रियता र लोकतान्त्रिक आन्दोलनमा यिनी ज्यादै चनाखो भएर लागि रहे। नेपाली राष्ट्रियतामाथि भएका आघातमा यिनले बीचको बाटो लिएर उक्त आघातबाट बचाउने प्रयास गरे।

> वीपी साहित्यमा फ्रायडवादी र स्वच्छन्दवादी थिए। तर देशको प्राकृतिक स्रोत सञ्चालन, सम्बर्द्धन, विकास र न्यायोचित वितरणको भिजनसहितको कार्यक्रमिक रूपमा कुनै खाका यिनले कोरेनन् अर्थात् कुनै किताब लेखेनन्।

शितयुद्धको पराकाष्टामा यिनी प्रवासबाट देशभित्र जोखिम मोलेर देशमा आएका थिए। यिनी राजासँग राष्ट्रिय मेलमिलाप गर्ने लाईन लिनुमा यिनको देशभित्र संगठन गर्न जाने वातावरण बनाउने कुटनैतिक लाइन थियो भन्न सकिन्छ। यिनको मृत्यु २०३९ साल श्रावण ६ गते काठमाडौंमा भएको थियो। यिनको मृत्युमा नेपाली जनताको अथाह सागर ओर्लियो। अर्थात् नेपालको लोकतान्त्रिक आन्दोलन र नेपाली समाज र सभ्यताको विकासमा यिनले पुऱ्याएको योगदानलाई नेपाली जनताले पछिसम्म पनि सम्झी रहने छन्। यिनले सामन्ती भूस्वामित्वको अन्त्यका लागि चालेको कदम नेपालको आर्थिक विकासको शुरूवात र आधारशीला मान्न सकिन्छ।

वीपी साहित्यमा फ्रायडवादी र स्वच्छन्दवादी थिए। तर देशको प्राकृतिक स्रोत सञ्चालन, सम्बर्द्धन, विकास र न्यायोचित वितरणको भिजनसहितको कार्यक्रमिक रूपमा कुनै खाका यिनले कोरेनन् अर्थात् कुनै किताब लेखेनन्। समाजवादको आधारशीला भने यिनले आफ्नो पार्टीको २०१२ सालको सम्मेलनमा भने राखे। त्यसको आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक आधारशीला कति राज्यले गर्ने र कति नीजि क्षेत्रले गर्ने भन्ने कुराको प्रारूप भने किताबको रूपमा यिनले लेखेनन्। फलस्वरूप यिनका अनुयायीले आज नेपालमा समाजवाद भनेको नीजि क्षेत्रको विकास मात्र हो भन्ने नकारात्मक कुरा मात्र बुझे र भ्रष्टाचारको नियन्त्रण नगरेर देशमा अथाह भ्रष्टाचार बढाए। फलस्वरूप देश द्वन्द्वको चपेटामा परेको कुरा हाम्रा सामु छँदैछ। जे भए पनि आधुनिक युगमा नेपाल आमाको छोरा छोरीमध्ये यी नेपाली सभ्यताको विकासमा र नेपाललाई आधुनिक युगमा प्रवेश गराउने नेपालीमध्ये यिनलाई अब्बल दर्जाका देशभक्त नेपाली नागरिकको रूपमा प्रत्येक नेपालीले सम्झनु पर्ने हुन्छ। युग युगसम्म नेपालीले र नेपाली सभ्यताले सम्झी रहने मानिस हुन् वीपी कोइराला।

# भारतमा कालो ढुसीबाट ४३ सय बढीको मृत्यु



**काठमाडौं/एजेन्सी–** भारतमा म्युकरमाइकोसिस (कालो ढुसी)को संक्रमणको कारण ४३ सयभन्दा धेरैको मृत्यु भएको छ । पछिल्लो समय भारतमा कालो ढुसीका संक्रमितको संख्यामा उल्लेख्य वृद्धि भएसँगै यसबाट मृत्यु हुनेको संख्या पनि बढेको हो ।

भारतका स्वास्थ्यमन्त्री मन्सुख मन्दाभियाका अनुसार अहिलेसम्म भारतमा कालो ढुसीका ४५ हजार ३७४ संक्रमित फेला परेका छन् । उनीहरुमध्ये करिब आधा मानिसहरु यसको उपचार गराइरहेका छन् ।

कालो ढुसीको संक्रमण नाक, आँखा र कहिलेकाहीँ मस्तिष्कमा पनि पर्ने गर्छ । कालोढुसीको संक्रमण देखिनेमा अधिकांश कोरोनाबाट निको भएका मानिसहरु छन् । कोरोनाको उपचारको क्रममा स्टेरोइडको प्रयोग गर्ने र मधुमेहको समस्या भएका मानिसहरु सबैभन्दा धेरै जोखिममा रहेको डाक्टरहरुले बताएका छन् । डाक्टरहरुका अनुसार कोरोना निको भएको १२ देखि १८ दिनमा कालो ढुसीको संक्रमण देखिने गरेको पाइएको छ । भारतको महाराष्ट्र, गुजरात, तामिलनाडु र राजस्थानमा कालो ढुसीका सबैभन्दा धेरै संक्रमित भेटिएका छन् । महाराष्ट्र र गुजरातमा मात्र संक्रमितको संख्या १ हजार ७८५ छ । भारतको बेंग्लोरका डाक्टर रघुराज हेग्ड पछिल्लो समय ठूलो संख्यामा यसका बिरामी आइरहेको र यसबाट मृत्यु हुनेको संख्या पनि उल्लेख्य रहेको बताउँछन् । डाक्टर हरुका अनुसार केही बिरामीको अस्पताल ल्याउनुभन्दा अघि नै मृत्यु हुने गरेको छ । साथै । केहीमा भने उपचारपछि घर फर्किएपछि पुनः यो समस्या देखिएको छ ।

**भारतमा थप ४२ हजार बढीमा कोरोना संक्रमण**

भारतमा कोरोनाभाइरसबाट नयाँ ४२ हजार १५ जना संक्रमित भएका संघीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार जानकारी दिएको छ । भारतमा हाल कुल संक्रमितको संख्या तीन करोड १२ लाख १६ हजार भन्दा बढी पुगेको छ ।

भारतमा अहिले पनि कोरोनाभाइरसबाट संक्रमित अवस्थामै रहेकाको संख्या चार लाख ७ हजार १७० रहेको अधिकारीले जनाएका छन् । पछिल्लो एक दिनमा कोरोनाभाइरसका कारण थप ४८९ जनाको मृत्यु भएको छ । तर महाराष्ट्र राज्यले कोरोना संक्रमणका कारण पहिले नै ज्यान गुमाएका तर तथ्याङ्कमा छुटेका व्यक्तिको नाम दिएको हुनाले गत २४ घण्टामा कोरोना संक्रमितको कारण मृत्यु भएकाको संख्या तीन हजार ९९८ भएको मन्त्रालयले बुधबार जानकारी दिएको छ ।

कोरोनाभाइरसबाट मृत्यु भएकाको कुल संख्या भारतमा अहिलेसम्म चार लाख १८ हजार ४८० पुगेको पनि सो मन्त्रालयले जनाएको छ । गत २४ घण्टामा ३६ हजार ९७७ कोरोना मुक्त भएपछि भारतमा तीन करोड ३ लाख ९० हजार ७१० व्यक्ति कोरोना मुक्त भएका छन् ।

भारतको चिकित्सा अनुसन्धान परिषद्ले अहिलेसम्म कुल ४४ करोड ९१ लाख ५३ हजार २७३ जनाको स्वाब परीक्षण गरिएको छ । त्यसैगरी गत जनवरी १६ बाट भारतमा कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयदेखि अहिलेसम्म ४१ करोड ५४ लाख ७२ हजार ४५५ ओटा कोरोना भाइरसविरुद्धको खोप प्रयोग भएको छ ।

# चीनमा भीषण वर्षासँगै बाढी, १२ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** चीनको जेङजोउमा ठूलो बाढीले रेलदेखि गाडीसम्म डुबाउँदा यात्रुहरु बिचल्लीमा परेका छन् । बाढीकै कारण त्यहाँ हालसम्म १२ जनाको मृत्यु भइसकेको छ । डुबानमा परेका सवारीसाधन र रेल स्टेसनभित्रका दृश्यहरु सामाजिक सञ्जालमा भाइरल बनेका छन् । हेनान प्रान्तमा यस वर्षको वर्षाले विगतका सबै रेकर्ड तोडेको बताइएको छ ।

डुबिरहेको गाडीभित्र मान्छेको घाँटीसम्म पानी आइपुगेको र रेलमा सवार यात्रुहरुले त्यसको ह्यान्डलमा झुन्डिएर आफूलाई सुरक्षित राख्ने प्रयास गरिरहेको सार्वजानिक तस्बिरहरुमा देख्न सकिन्छ । एक करोड २६ लाख मानिस बसोबास गर्ने जेङजोउमा 'यल्लो रिभर' खोलाबाट बाढी आएको बताइएको छ र उद्धारका कामहरु जारी रहेको जनाइएको छ ।

सहरको तल्लो भागमा बस्ने झन्डै एक लाख मानिसलाई तिनका घरबाट उद्धार गरिएको छ । यस आपत्कालीन अवस्थाका लागि त्यहाँ हजारौं सुरक्षाकर्मी परिचालन गरिएको स्थानीय मिडियाले जनाएका छन् । बाढीपश्चात् सहरका १६० रेल सेवा रोकिएको छ । त्यस्तै, दर्जनौं सहरमा उडान र मुख्य सडकहरु पनि बन्द गरिएको छ । यसले हजारौं यात्रुहरु प्रभावित भएका छन् ।

त्यस्तै, वर्षाका कारण धेरै ठाउँमा बिजुली पनि काटिएको छ । जेङजोउस्थित १० हजार बढी बिरामी राखिएको अस्पतालमा घण्टौं बत्ती नआउँदा अवस्था गम्भीर बन्न पुगेको थियो । वर्षायामको समयमा बाढी आउनु चीनमा असामान्य होइन, तर यसपटकको वर्षाले विगतका सबै रेकर्ड तोडिदिँदा विज्ञहरुले चिन्ता जनाएका छन् । आगामी दिनहरुमा यस किसिमका अझ धेरै अप्रत्याशित मौसमी घटनाका लागि तयार रहनुपर्ने उनीहरुले प्रक्षेपण गरेका हुन् ।

# दक्षिण अफ्रिकामा परिस्थिति सामान्य बन्दै




**काठमाडौं/एजेन्सी–** दक्षिण अफ्रिकामा केही दिनयता देखि मच्चिएको हिंसा र लुटपाटपछि केही दिनदेखि परिस्थिति सामान्य बन्दै गएको यहाँका एक मन्त्रीले बताएका छन् । ती मन्त्रीका अनुसार यसअघि हिंसा र लुटपाट भएका दुई प्रान्तमा अहिले सामान्य अवस्था देखिएको छ र यस्ता हिंसाका घटना भएका छैनन् ।

मन्त्री खुम्बुजो एनटिसाभेनीले मंगलबार त्यस्तो लुटपाट हुन नपाएको बताएका हुन् । दक्षिण अफ्रिकाका दुई ओटा प्रान्तमा केही दिन यतादेखि हिंसा मच्चिएको छ । ती स्थानमा पसलमा लुटपाट गर्ने र हिंसा मच्चाउने गरिएको थियो ।मन्त्री खुम्बुजोले गएको २४ घन्टा यता ती दुई प्रान्त काजुलु र गुतेनमा त्यस्तो कुनै हिंसा नभएको मंगलबार साँझ आयोजना गरिएको पत्रकार सम्मेलनमा जानकारी दिए ।

दक्षिण अफ्रिकामा त्यहाँका पूर्व राष्ट्रपति ज्याकोब जुमालाई भ्रष्टाचारको आरोपमा जेल हालिएको छ । त्यस क्रममा त्यहाँ हिंसा शुरु भएको हो । अहिले भने यहाँको अवस्था सामान्यतर्फ फर्किँदै गरेको र कुनै हिंसात्मक घटना नभएको तथा लुटपाटका कारण बन्द भएका सपिङ मलहरु खुला भएका उनले जानकारी दिए ।

जुमाका समर्थकहरुले दक्षिण अफ्रिकामा हिंसात्मक प्रदर्शन पनि गरेका थिए ।

# लकडाउनप्रति अष्ट्रेलियाली नागरिक असन्तुष्ट

**काठमाडौं/एजेन्सी–** कोरोना महामारी रोकथामका लागि अष्ट्रेलियाको तीन शहरका एक करोड ३० लाख मानिस प्रभावित छन् । न्यू साउथ वेल्समा एक महिनादेखि, भिक्टोरियामा एक सातादेखि र साउथ अष्ट्रेलिया राज्यमा मंगलबारदेखि लकडाउन छ ।

लामो समय घरभित्रै थुनिनुपरेकामा मानिसहरुले भने लकडाउनप्रति असन्तुष्टि जनाउन थालेका छन् । अष्ट्रेलियाका दुई ठूला सहर न्यू साउथ वेल्सको राजधानी सिड्नी र भिक्टोरियाको राजधानी मेलवर्नमा लकडाउन कहिले हट्छ भन्ने निश्चित छैन । बेलायत र अमेरिकामा पछिल्लो समय लकडाउन हटाइएकाले अष्ट्रेलियाको संघीय सरकारमाथि पनि दबाब छ ।

अहिलेसम्म अष्ट्रेलियामा १४ प्रशितभन्दा कम मानिसले मात्र कोरोना खोप लगाएका छन् । यो दर विश्वका शक्तिशाली विभिन्न ३८ मुलुकको संगठन ओईसीडीमा आवद्ध देशबीच तुलना गर्दा सबैभन्दा कम हो । मुलुकमा कोरोना खोप लगाउने गति निकै सुस्त भएको भन्दै अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनको आलोचना भइरहेको छ । विपक्षी लेबर पार्टीका जिम काल्मर्स भन्छन्, 'यी प्रधानमन्त्री जनता कष्टमा परिरहेको बेला हराउँछन् ।'

यद्यपि मोरिसनले भने यस विषयलाई सामान्य रुपमा लिएका छन् । 'कुनै पनि मुलुकले महामारी नियन्त्रणको लागि शतप्रतिशत काम गर्न सकेका छैनन् । मलाई अष्ट्रेलियाका नागरिकले यो कुरा बुझ्नेछन्', बुधबार स्थानीय सञ्चारमाध्यममा उनले भनेका छन् ।

मोरिसनले अष्टेलियाले कोरोना भाइरसको संक्रमण निकै कममा राख्न सफल भएको दावी गरेका छन् । अहिलेसम्म अष्ट्रेलियामा कोरोना संक्रमणको कारण ९१५ जनाको मृत्यु भएको छ । जबकी बेलायतमा मंगलबार एकैदिन ९० जनाको मृत्यु भएको थियो ।

कोरोना महामारी नियन्त्रणका लागि सीमा नाका बन्द गर्ने, क्वारेन्टिनको नियम ल्याउने र लकडाउन गर्नेजस्ता उपाय अपनाएको भन्दै प्रधानमन्त्री मोरिसनको प्रशंसा हुँदै आएको थियो । तर पछिल्लो महिनामा देखिएको कोरोनाको डेल्टा भेरियन्टले भने अष्ट्रेलियाले अपनाएको रोकथाका उपायलाई चुनौती दिएको छ ।


डेल्टा भेरियन्टको संक्रमण फेला परेपछि अष्ट्रेलियाको ठूलो सहर सिड्नीमा मात्रै १५ सयभन्दा धेरै मानिस संक्रमित भइसकेका छन् । बुधबारमात्र ११० नयाँ संक्रमित थपिएका छन् । जबकी सिड्नीमा अहिले चौथो साताको लकडाउन चलिरहेको छ ।

अहिले मानिसहरुलाई खाद्य सामग्री किन्न र अन्य अत्यावश्यक कामबाहेक घरबाहिर जाने अनुमति छैन । संक्रमण बढिरहेकाले आगामी सेप्टेम्बरसम्म पनि यो लकडाउन लम्बिनसक्ने आशंका छ ।

साउथ अष्ट्रेलिया राज्यमा पनि मंगलबारदेखि एक साताको लागि लकडाउन गरिएको छ । भिक्टोरियामा पनि कम्तीमा आगामी मंगलबारसम्म लकडाउन जारी रहनेछ । गत महिना अष्ट्रेलियाका सात सहरमा लकडाउन गरिएको थियो । अष्ट्रेलियाका अधिकारीहरुले अधिकांश मानिसले कोरोना खोप नपाउँदासम्म स्थानीय संक्रमण नियन्त्रणको कामलाई निरन्तरता दिने बताएका छन् ।

अष्ट्रेलियामा अक्सफोर्ड-एस्ट्राजेनेकाको खोप पर्याप्त छ । तर यो खोप लगाउँदा रगत जम्ने समस्याको जोखिम बढी हुने भन्ने हल्लाका कारण मानिसहरु डराइरहेका छन् । अष्ट्रेलियामा अनुमति पाएको फाइजरको खोप भने उसले सीमित मात्रामा पाइरहेको छ ।

# अमेरिकाद्वारा रकेट आक्रमणको निन्दा



**काठमाडौं/एजेन्सी–** अफगानिस्तानको राजधानी काबुलमा अवस्थित राष्ट्रपति भवन नजिकै भएको रकेट आक्रमणको संयुक्त राज्य अमेरिकाले निन्दा गरेको छ । स्थानीय समयानुसार मंगलबार इदको प्रार्थना भइरहेको समयमा राष्ट्रपति भवनलाई लक्ष्य गर्दै सो आक्रमण भएको थियो ।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले मंगलबार पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै काबुलमा रहेको राष्ट्रपति भवन नजिकै भएको रकेट आक्रमणको निन्दा गरेका हुन् । संयुक्त राज्य अमेरिकाले अफगानिस्तानमा हिंसाको अन्त्य र शान्ति पुनर्स्थापनाको गर्न आह्वान गरिरहेको र हामी राजनीतिक बस्तीमा जानको लागि द्रुत मार्ग र हिंसा अन्त्यको लागि आह्वान गर्दछौं प्राइसले पत्रकार सम्मेलनमा भनेका छन् ।

मंगलबार बिहान इदको प्रार्थनाको क्रममा राष्ट्रपति भवन नजिकैका क्षेत्रमा तीन रकेटहरू आक्रमण भएको जनाइएको छ । प्रवक्ताले अफगानिस्तानका जनता न्याय र स्थायी शान्तिको चाहनामा एकजुट रहेका र अमेरिका यसलाई कार्यान्वयन गर्नका लागि तयार रहेको बताएका छन् ।

इदको नमाजपछि समारोहमा बोल्दै अफगानिस्तानका राष्ट्रपति अशरफ घानीले तालिबानको निन्दा गर्दै उनीहरूसँग शान्तिको चाहना नभएको बताएका छन् ।


**कतारमा रोजगार** | १. कम्पनी: MEDOS ENGINEERING SERVICES CO. शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०४/०५ | LT. No.: 242575

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. |
| --- | --- | --- | --- | --- | --- |
| 1. | Labourer | 6 | 0 | 1000 | ३२,७१० |
| 2. | Mason | 1 | 0 | 1200 | ३९,२५२ |
| 3. | Carpenter | 2 | 0 | 1200 | ३९,२५२ |

२. कम्पनी: ITALIAN CONSTRUCTION CO. WLL शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७८/०४/०५ | LT. No.: 242574

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. |
| --- | --- | --- | --- | --- | --- |
| 1. | Labourer | 10 | 0 | 1000 | ३२,७१० |
| 2. | Mason | 3 | 0 | 1200 | ३९,२५२ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन १४ र १५ गते (29 & 30 July 2021) मा हुनेछ ।

**Kanchanjunga Overseas Pvt. Ltd.**
Gyankunja Marga, Shantinagar, Kathmandu, Tel.: 4621331, 4621332
E-mail : kanchanjungha582@gmail.com, Web.: www.kanchanjunghaoverseas.com

**साउदीमा रोजगार** | कम्पनी: AL HORAA BEAUTY शहर: DOHA

LT. No.: 242771

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. |
| --- | --- | --- | --- | --- | --- |
| 1. | Manicurist | 0 | 1 | 1700 | ५३,९७५ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन १४ गते (29 July 2021) मा हुनेछ ।

**H.R. International Employment Services Pvt. Ltd.**
(SCM MANPOWER COMPANY PVT. LTD.)
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9808750742, 9801009400, 9803473935, 9801128811, 9807756822
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

**साउदीमा रोजगार** | १. कम्पनी: SALEH BIN ATEF BIN SALEH AL-YAMI FACTORY FOR BLOCK शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/०३/२० | LT. No.: 241650

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
| --- | --- | --- | --- | --- | --- |
| 1. | General Labor | 25 | 0 | 1000 | ३१,७५० |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १९ गते (3 August 2021) मा हुनेछ ।

२. कम्पनी: AL-WAKEEL COMPANY LIMITED शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०३/२१ | LT. No.: 241886

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
| --- | --- | --- | --- | --- | --- |
| 1. | Glass Installer | 2 | 0 | 1600 | ५०,८०० |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन २१ गते (5 August 2021) मा हुनेछ ।

**कतारमा रोजगारको अवसर** | कम्पनी: SHAHANIYA BEAUTY SALOON शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७८/०४/०५ | LT. No.: 242522

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. |
| --- | --- | --- | --- | --- | --- |
| 1. | Makeup Tech | 0 | 2 | 2000 | ६५,४२० |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १४ गते (29 July 2021) मा हुनेछ ।

**Rightway Enterprises Pvt. Ltd.**
Aaloknagar Minbhawan-31, Kathmandu, Nepal
Tel : 01-4106275, 4106276
Mob: 9808079942

**Space Overseas Services Pvt. Ltd.**
Sukedhara, Kathmandu, Tel: 4376717, 4379275, Fax: 4377352
E-mail : info@spaceoverseas.com, Web : www.spaceoverseas.com

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
दोस्रो पटक प्रकाशित मिति २०७८/०४/०७
यस कम्पनीको मिति २०७७/०४/०१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी **बास आउटसोर्सिङ प्रा.लि. (प्रा.लि. नं. १७१०६०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/१२/२३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बास कन्सलटिङ्ग ग्रुप प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

# बक्स अफिस समाचार

एउटा राम्रो चलचित्र दर्शकसम्म आइपुग्दा धेरैको मेहनत रहेको हुन्छ । हामीले पर्दामा देखिने पात्रलाई मात्र देख्छौं, तर पर्दा पछाडिका पात्रहरूको पनि त्यतिकै मेहनत आवश्यक हुन्छ एउटा सशक्त श्रव्यदृश्य सामग्री हाम्रोसामु आइपुग्दा । सबैको लगान र मेहनतले राम्रो श्रव्यदृश्य सामग्री तयार हुन्छ । यस्तै लामो समयदेखि पर्दापछाडि रहेर आफ्ना क्रियशन मार्फत दर्शकको माया बटुल्न सफल नाम हो मधु पन्थी । उनले कला निर्देशकका रूपमा यस क्षेत्रमा प्रख्याती कमाएका छन् । उनले हालसम्म आउँदा थुप्रै प्रस्तुतिमार्फत दर्शकको मन जित्न सफल भएका छन् । निर्माता, निर्देशक र कलाकारको रोजइमा पर्न सफल उनी यस क्षेत्रमा सफल छन् । कमभन्दा कम उपल्बधतामा धेरै उपलब्धी निकाल्न सक्नु पनि एउटा खुबी हो भन्ने मधुसँग मध्यान्ह दैनिकका लागि प्रतिक्षा गौतमले नेपाली कला निर्देशनको क्षेत्रका बारेमा गरेको कुराकानी :

## ‘कमभन्दा कम उपलब्धतामा धेरै उपलब्धी निकाल्न सक्नु पनि एउटा खुबी हो’



**मधु पन्थी**, कला निर्देशक

**चलचित्र जटील विषय हो तर गम्भिरतापूर्वक नलिएको पाउँछु म । डेडिकेसन छैन । जुन विषयमा काम गरिन्छ कसरी जाने भन्ने छैन । पूर्व प्लानिङ छैन । फिल्डमा गएपछि मात्र गरेको प्लानिङले कहाँ पुऱ्याउँछ । बिना प्लानिङ काम गर्ने हाम्रो बानी रहेको पाउँछु ।**

**अहिले केमा ब्यस्त हुनुहुन्छ ?**

केही आफ्ना व्यक्तिगत कार्यहरू, केही सामाजिक कार्यहरू, चलचित्र क्षेत्रको व्यक्ति भएका कारण यससँग सम्बन्धित विभिन्न कार्यहरू यस्तै यस्तैमा व्यस्त छु भन्नु पर्ला ।

**चलचित्र क्षेत्रमा कसरी र किन आउनुभयो ?**

मेरो बच्चैदेखि कलाकारिता क्षेत्रमा रुची रहेको थियो । उमेर बढ्दै गएपछि त्यो रुची अझ बढ्दै गयो । नेपालमा पनि व्यावसायिक रूपमा चलचित्र बन्न थाले । यसका लागि मैलै धेरै बुझ्दै गएँ र यो क्षेत्रमा आएँ । यसका बारेमा बुझेर र अध्ययन गरेर यो क्षेत्रमा आएँ । कला निर्देशनको क्षेत्रमा अनुभव संगाल्दै गर्दा मैले २०५१ मा आई.कम.र २०५४ मा शंकरदेव क्याम्पसबाट बी.कम. पूरा गरें । त्यसपछि यही क्षेत्रमा पूरापूर समर्पित भएर लागें ।

**तपाईं चलचित्रको एउटा पाटो कला निर्देशनमा हुनुहुन्छ, यो कला निर्देशन भनेको के हो ?**

चलचित्रमा कला निर्देशन एक महत्वपूर्ण पाटो हो । चलचित्रमा कथाले मागे अनुसार कहीँ हिमाल, कहीँ पहाड, कहीँ तराई, कहीँ जंगल, कहीँ ठूलो समुद्र, कहीँ मनमोहक दृश्य त कहीँ डरलाग्दो भीर देखाउनुपर्ने हुन्छ। त्यही दृश्य साँच्चिकै जस्तो देखाउने, बनाउने वा तयार गर्ने कला नै मुभिज् आर्ट डाइरेक्शन हो । अर्थात कला निर्देशन हो । नेपालमा त यस्ता कतिपय ठाउँ पाइएला तर विदेशमा पाइँदैन । हाम्रो काम भनेको जस्तो डिजाइनको सिन चाहियो त्यस्तै बनाउने अनि प्रोडुसर डिजाइनलाई जानकारी गराउने हो । त्यसपछि उहाँले त्यो डाइरेक्टरलाई जानकारी गराउनुहुन्छ । आकर्षक सेटहरू जुन तपाईं चलचित्रमा देख्नुहुन्छ नि त्यसको डिजाइन गर्ने काम कला निर्देशकले गर्छ ।

**नेपाली चलचित्रमा कला निर्देशन क्षेत्र कत्तिको सहज छ ?**

यो कला निर्देशन भन्ने बित्तिकै एकदमै गाह्रो क्षेत्र हो । किनभने कल्पना गरिएको कुरालाई जस्ताको त्यस्तै उतार्नुपर्ने हुन्छ । फेरि कला निर्देशकको काँधमा कल्पनालाई न्याय गर्नुका साथै सामाजिक जिम्मेवारी पनि हुन्छ। मैले निर्माण गरेको चलचित्रबाट दर्शकलाई कस्तो प्रभाव पर्छ भन्ने बुझ्नुपर्ने हुन्छ । चलचित्र सामाजिक दायित्व बोकेको पाटो भएकोले त्यसलाई निर्देशन गर्नु कम सजिलो छैन ।

**तपाईंले अहिलेसम्म गरेका चलचित्रमा कत्तिको न्याय गरेको छु जस्तो लाग्छ ?**

मैले काम गरेका हरेक चलचित्रमा कथा बस्तुलाई पूर्णरुपमा न्याय गर्ने कोसिस गरेको हुन्छु। विविध कारणले कुनै कुनै कुरामा कम्प्रोमाइज गर्नु पर्ने हाम्रो बाध्यता छ। तर पनि पूर्णरुपमा न्याय गर्ने कोसिस गरेको हुन्छु । मैले आफ्नो खुबीले भ्याएसम्म राम्रो दिने कोसि गरेको हुन्छु ।



**कम्प्रोमाइज गर्दा क्षमता देखाउन सकिँदैन । सिनेमाले मागे अनुसार दिन नसक्दा गाह्रो हुन्छ । बाँधिनु पर्छ । भनेजस्तो तरिकाले काम गर्न पाइँदैन । तर, कम भन्दा कम उपलब्धतामा धेरै उपलब्धी निकाल्न सक्नु पनि एउटा खुबी हो ।**

**कतिको कम्प्रोमाइज गर्नुपर्छ ?**

कम्प्रोमाइज गर्दा क्षमता देखाउन सकिँदैन । सिनेमाले मागे अनुसार दिन नसक्दा गाह्रो हुन्छ । बाँधिनु पर्छ । भनेजस्तो तरिकाले काम गर्न पाइँदैन । तर, कम भन्दा कम उपलब्धतामा धेरै उपलब्धी निकाल्न सक्नु पनि एउटा खुबी हो । फेरि सत्य के हो भने जति धेरै उपल्बधता हुन्छ त्यही धेरै राम्रो क्रिएशन हुन्छ ।

**तपाईं आफैंलाई मन परेको आफ्नो काम ?**

मेरो कामलाई धेरैले मन पराएको पाउँछु म । हरेक पल्ट केही नयाँ गर्ने कोसिसमा हुन्छु । पहिलाको प्रोजेक्ट भन्दा केही नयाँ क्रिएशन गरौं भन्ने नै हुन्छ हरेक पल्ट । अझै राम्रो गर्न पाए हुन्थ्यो भन्ने हुन्छ । मैले गेरका चलचित्रमा केहीको नाम लिनुपर्दा दादागिरी, डन, खलनायक, दोस्ती, टक्कर, दुई मुटुको, म छु नि तिम्रो, मेरो पैसा खोइ, जय पशुराम, अ गुड फ्रेण्ड, तिम्रो पर्खाइमा, भगवान् सबैको, आँधीतुफान, अभिमन्युलगायतका रहेका छन् । आफूले गरेका सबै काम मनपर्छ तर पनि अझ राम्रो गर्नुपाए हुन्थ्यो भन्ने जहिले रहन्छ ।

**नेपाली चलचित्रमा पर्फेक्ट नायिकामा कस्लाई देख्नु हुन्छ ?**

पुरानादेखि लिएर नयाँसम्म धेरै हुनुहुन्छ राम्रो अभिनय गर्ने नायिकामा । तर पनि पर्फेक्ट भन्न गाह्रो प्रश्न हो । मलाई के लाग्छ भने करिश्मा मान्नधर गौरी मल्ल, दिया मास्के पर्फेक्ट लाग्छ । प्रियंका कार्कीलाई अभिनय गर्नकै लागि पठाइएको जस्तो लाग्छ । उनी प्याकेज नै हुन् । यस्तै पछिल्लो समय आएका धेरै नायिकाले राम्रो गरिरहनु भएको छ ।

**यहाँ लामो समयदेखि यो क्षेत्रमा हुनुहुन्छ आफैंले हेर्दा यो क्षेत्रको कमजोरीमा के देख्नुहुन्छ ?**

मलाई के लाग्छ भने धेरै धैर्यता छैन । हतार हतार गर्न खोजिन्छ । चलचित्र जटील विषय हो तर गम्भिरतापूर्वक नलिएको पाउँछु म । डेडिकेसन छैन । जुन विषयमा काम गरिन्छ कसरी जाने भन्ने छैन । पूर्व प्लानिङ छैन । फिल्डमा गएपछि मात्र गरेको प्लानिङले कहाँ पुऱ्याउँछ । बिना प्लानिङ काम गर्ने हाम्रो बानी रहेको पाउँछु ।

**सफल हुनका लागि के कस्ता कुराहरू आवश्यक देख्नुहुन्छ ?**

मुख्य कुरा त विषयवस्तु बलियो हुनुपर्छ । कसरी प्रस्तुतीकरण गर्ने हो भन्ने हुनुपर्छ । कलकारलाई कसरी देखाउने भन्ने हुनुपर्छ। सानो कुरालाई पनि प्रस्तुति कसरी गर्ने भन्ने हुनुपर्छ ।


# कविता र कलाको जीवन्त प्रयोग गर्ने चित्रकार नेपाली

**नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति कान्छाकुमार कर्माचार्यले ललितकलाको विकासमा उनले दिएको योगदान महत्वपूर्ण रहेको र उनको निधनले कला क्षेत्रमा ठूलो क्षति पुगेको बताए । कलासँगै, चलचित्र र साहित्यमासमेत उनको योगदान छ ।**

**काठमाडौं/रासस**/चित्रले धेरै कुरा भनिरहे झैँ वा बोलिरहे झैँ लाग्ने गरी क्यान्भास रङ्ग्याउन सिद्धहस्त नेपाली आधुनिक चित्रकलाका मुर्धन्य व्यक्तिको नाम हो उत्तम नेपाली ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान गठनका बेला प्राज्ञसभा सदस्य छनोट सिफारिस समितिको सदस्यसमेत रहेका नेपाली जीवनको उत्तरार्द्धमा लाग्दा रोगले निकै थलिए । सकुञ्जेल जीवनलाई क्यान्भासबाट टाढा जान भने उनले दिएनन् । क्यान्भासलाई त्यही युवा जोशमा रङ्गाउन नसके पनि अन्य कलाकारका लागि प्रेरणाको स्रोत नेपाली रङ्गिएका क्यान्भास ललितकला क्षेत्रलाई छाडेर बुधबार सदाका लागि बिदा भएका छन् । कला, साहित्य र चलचित्रमासमेत राम्रो दख्खल राखेका उनको मुख्य पेशा भने आधुनिक चित्रकला नै थियो । शुरु शुरुमा मानिसले बहुलट्ठीपन भनेर हेला गर्ने अमूर्तकलालाई स्थापित गर्नमा उनको महत्वपूर्ण योगदान छ । नेपाली ललितकला क्षेत्रको विकासमा अमूल्य योगदान पुऱ्याएका नेपालीको ८४ वर्षको उमेरमा काठमाडौँस्थित शिक्षण अस्पतालमा निधन भएको परिवारले जनाएका छन् । श्वासप्रश्वास समस्याका कारण निधन भएको ज्वाइँ सुनिल रञ्जीतले जानकारी दिए । उनमा मुटुलगायत अन्य रोगसमेत थियो ।

काठमाडौँ महानगरपालिका-३ बाँसबारी घर भएका नेपालीका श्रीमती मन्दिरासहित



दुई छोरा उद्यमप्रसाद र सुद्यमप्रसाद तथा दुई छोरी ममता र प्रकृति छन् । अमेरिकामा रहँदा पाँच वर्षअघि उनलाई हृदयाघात भएको थियो। अमेरिकामा उत्कृष्ट उपचार सेवा प्राप्त हुँदा बाँच्न सफल भएको सुनिलले सुनाएका थिए । त्यसपछि शरीर विस्तारै कमजोर हुँदै गएको थियो ।

बीचमा नेपाल आएर केही समय बसेपछि उनी पुनः अमेरिका फर्किएका थिए। अमेरिकामा रहँदा श्वासप्रश्वासमा समस्या देखिएपछि बिना अक्सिजन बस्न नसक्ने भए । आफ्नै भूमिमा मृत्युवरण गर्ने उनकै इच्छाअनुसार तीन महिनाअघि उपकरणको सहायतामा नेपाल ल्याइएको थियो । गएको २० दिनअघि स्वास्थ्य समस्या थप बढेपछि चिरायु अस्पताल, शहीद गङ्गालाल राष्ट्रिय हृदयरोग उपचार केन्द्र हुँदै उनको शिक्षण अस्पताल महाराजगञ्जमा उपचार भइरहेको थियो ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति कान्छाकुमार कर्माचार्यले ललितकलाको विकासमा उनले दिएको योगदान महत्वपूर्ण रहेको र उनको निधनले कला क्षेत्रमा ठूलो क्षति पुगेको बताए । कलासँगै, चलचित्र र साहित्यमासमेत उनको योगदान छ । उनले गीत र भजनसमेत लेखेका छन् । साहित्यकार ध्रुवचन्द्र गौतम र शङ्कर लामिछानेसँग धेरै नजिक भएर काम गरेका नेपालीले नेपालको पहिलो चलचित्र ‘आमा’ र अर्को चलचित्र ‘हिजो आज भोलि’ मा अभिनय पनि गरेका थिए । हिजो आज भोलिमा प्रमुख खलनायक भएर खेलेका ज्वाइँ सुनिलले सुनाए । उनको मुख्य पेशा भनेको चित्रकला नै हो । मुलुकमा नेपाली आधुनिक कला भित्र्याउनमा उनको ठूलो भूमिका रहेको चित्रकार स्मरण गर्छन् ।

उनको पहिलो चित्रकला प्रदर्शनीको उद्घाटन तत्कालीन राजा महेन्द्र वीरविक्रम शाहले गरेका थिए । कलाकार तथा कला समीक्षक मुकेश मल्लले उनको कला जीवनीको बारेमा पुस्तक नै लखेका छन् । उनी जिउँदै हुँदा उक्त पुस्तक विमोचन गर्ने प्रतिष्ठानको योजना अधूरै भए पनि पछि विमोचन गर्ने कुलपति कर्माचार्यले बताए ।

उनी प्रतिष्ठानका आजीवन सदस्य पनि हुन् । कला लेखक उनलाई क्यान्भासका बादशाह तथा आधुनिक कलाका शिखर पुरुष भनेरसमेत स्मरण गर्छन् । उनीलगायत कलाकारका समूहले दिग्गज कविका रचनाको आधारमा चित्रकलासमेत गरेको थियो । कलामा कविता उतार्ने छुट्टै पहिचानसमेत उनमा थियो । विसं २०६१ मा ‘उत्तम नेपालीका कविता’ पुस्तकसमेत प्रकाशित छ । कविताको भाव, श्रष्टा, लेखकलाई समेत चित्रमा उतारेर उनले नयाँनयाँ प्रयोग गरेका छन् । आधुनिक अमूर्त चित्रकलालाई नेपालमा विस्तार गर्नमा उहाँको योगदान ठूलो छ । बुबा व्यापारको सिलसिलामा भारतको लखनउ बस्ने भएकाले लखनउबाट परम्परागत ‘वाश पेन्टिङ’ सिकेका थिए । उनले बनाएको शिवको ताण्डव नृत्यको चित्र महत्वपूर्ण मानिन्छ ।

भारतबाट २०१८/१९ सालतिर नेपाल आएपछि धार्मिक चित्र बनाएका नेपाली त्यसपछि अमूर्तकलामा लागेको कला समीक्षक रमेशनाथ खनालले बताए । उनले भने, ‘उहाँले कविता र कलाको जीवन्त प्रयोग गर्नुभएको छ, नेपालको साहित्य र कलासम्बन्धी प्रतिष्ठित व्यक्तिका मुहार चित्र बनाउनुभएको र त्यसमा उहाँको आफ्नै शैली थियो ।’ उनका २५ एकल चित्रकला प्रदर्शनी भएका छन् । प्रतिष्ठानका सदस्यसचिव प्रा जगतप्रसाद उपाध्यायले संस्मरणात्मक निबन्ध र कविता लखेका नेपालीले विदेशमासमेत कला प्रदर्शनी गरेको बताए । दरबार तथा संयुक्त राष्ट्रसङ्घलगायत ठाउँमा पनि उनको कला सङ्गृहीत छ । उनले टेली डकुमेन्ट्री बनाएर प्रदर्शनसमेत गरेको पाइएको उपाध्यायले बताए । उनको बुधबार नै पशुपतिस्थित आर्यघाटमा अन्त्येष्टि गरिएको छ ।

# विश्व खेलकूदको महाकुम्भ ओलम्पिकमा नेपालका पाँच खेलाडी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन

जापानमा आयोजना हुने ३२औँ गृष्मकालीन ओलम्पिक खेलमा नेपालबाट चार खेलका पाँच खेलाडीले प्रतिस्पर्धा गर्दैछन् ।

यही साउन ८ देखि २४ गतेसम्म सञ्चालन हुने विश्व खेलकूदको महाकुम्भ ओलम्पिकमा नेपालले एथ्लेटिक्स, सुटिङ, जुडो र पौडी खेलमा सहभागिता जनाउँदैछ। ३२ औं गृष्मकालीन ओलम्पिकमा एथ्लेटिक्समा सरस्वती चौधरी, सुटिङमा कल्पना परियार, जुडोमा सोनिया भट्ट र पौडीमा गौरिका सिंह र एलेक्स शाहले नेपालको चुनौती प्रस्तुत गर्नेछन् ।

एथ्लेटिक्सतर्फ नेपालकी सरस्वती चौधरीले प्रतिस्पर्धा गर्दैछिन् । उनले एक सय मिटर दौडमा नेपालको चुनौती प्रस्तुत गर्न लागेकी हुन् । छोटो दूरीका धाविका चौधरी युनिभर्सालिटी कोटामा ओलम्पिक खेल्न लागेकी हुन् । उनी साउन १५ गते मैदानमा उत्रनेछिन् ।

सुटिङमा कल्पना परियारले नेपालको चुनौती प्रस्तुत गर्नेछिन् । उनले महिला १० मिटर एयर राइफलमा नेपालको चुनौती प्रस्तुत गर्ने भएकी हुन् । उनी वाइल्ड कार्ड प्राप्त गरेर टोकियो ओलम्पिकमा भाग लिन लागेकी हुन् । उनको खेल यही साउन ९ गते हुनेछ। उनले छनोट चरण पार गरे अन्तिम चरणको खेल पनि  साउन ९ गते साँझ नै हुनेछ ।

जुडोमा सोनिया भट्टले प्रतिस्पर्धा गर्नेछिन् । उनी पनि वाइल्ड कार्डको माध्यमबाट ओलम्पिकमा भाग लिन लागेकी हुन् । अन्तर्राष्ट्रिय जुडो महासङ्घले वरियताका आधारमा सोनियालाई ओलम्पिकमा सहभागिता जनाउन लागेको हो। १९ वर्षीय सोनियाले ४८ केजीमुनि तौल समूहमा नेपालको चुनौती प्रस्तुत गर्नेछिन् । उनको खेल पनि यही साउन ९ गते नै हुनेछ। पहिलो चरण पार गरे अन्य चरणको खेल पनि सोही दिन हुनेछ ।

पौडीमा नेपालबाट एलेक्स शाहले र गौरिका सिंहले सहभागिता जनाउँदैछन् । दुवै खेलाडी युनिभर्सालिटी कोटा (विश्वव्यापी सहभागिता) बाट ओलम्पिक पुगेका हुन् । नेपाली पौडी खेलाडी एलेक्सले पुरुष सय मिटर फ्रिस्टाइलमा नेपालको प्रतिनिधित्व गर्नेछन् । उनले साउन १२ गते पुरुष एक सय मिटर फ्रिस्टाइलको हिट चरणमा प्रतिस्पर्धा गर्नेछन् । एलेक्सले हिट चरण पार गर्न सकेमा साउन १३ गते अर्को खेल तथा त्यसमा पनि सफल भएको अवस्थामा फाइनल चरण साउन १४ गते प्रतिस्पर्धा गर्नेछन् ।



त्यस्तै जलपरी गौरिकाले महिला एक सय मिटर फ्रिस्टाइलमा चुनौती प्रस्तुत गर्नेछिन् । उनले अघिल्लो संस्करणको ओलम्पिक खेलमा सबैभन्दा कम उमेरकी खेलाडी बनेर चर्चा कमाएकी थिइन्। गौरीकाले यही साउन १३ गते महिला १०० मिटर फ्रिस्टाइलको हिट चरणमा प्रतिस्पर्धा गर्नेछिन् ।

समग्रमा हेर्ने हो भने नेपालले ओलम्पिक खेलमा खासै उल्लेखनीय प्रदर्शन गर्न सकेको छैन । नेपालको प्रतिस्पर्धा भनेको सहभागितामा मात्र सीमित बनेको छ । ओलम्पिकमा नेपालले खेलेको १४ संस्करणसम्मको खेलको इतिहासलाई हेर्दा कुनै उपलब्धि हासिल गर्न सकेको छैन । नेपालले सन् १९६४ मा जापानको टोकियोमै भएको १८औँ संस्करणको खेलबाट ओलम्पिक यात्रा शुरु गरेको थियो । हालसम्म नेपालका ८५ खेलाडीले ओलम्पिकमा सहभागिता जनाइसकेका छन् । तर कुनै पनि खेलाडीले आधिकारिक पदक हात पार्न सकेका छैनन् ।

यद्यपि नेपालका तेक्वान्दो खेलाडी दीपक विष्ट र सङ्गीना वैद्यले भने ओलम्पिक खेलको छनोट प्रतियोगिता पार गरेका छन्। ओलम्पिकमा नेपालबाट हालसम्म आठ खेलमा प्रतिनिधित्व भएको छ। एथ्लेटिक्स, बक्सिङ, पौडी, तेक्वान्दो, भारोत्तोलन, सुटिङ, जुडो र आर्चरी खेलबाट नेपालले प्रतिनिधित्व गरेको हो । त्यसमध्ये ओलम्पिक यात्रा शुरु गरेयता एथ्लेटिक्स खेलको सहभागिता भने हालसम्म टुटेको छैन ।

यसपटकको ओलम्पिकमा पनि नेपाली टोलीको लक्ष्य भनेको पदकभन्दा पनि आफ्नो व्यक्तिगत प्रदर्शन सुधार गर्नु नै हुनेछ । ओलम्पिक खेलका लागि पौडी, सुटिङ र जुडोका खेलाडी जापानको टोकियो पुगिसकेका छन् भने एथ्लेटिक्स टोली यही साउन ९ गते जापान प्रस्थान गर्नेछन् ।

## उद्घाटन समारोहमा ६ पदाधिकारी मात्रै सहभागी हुने



**काठमाडौं/एजेन्सी–** शुक्रबारबाट सुरु हुने टोकियो ओलम्पिकको उद्घाटन समारोहमा नेपालका चार खेलाडीबाहेक ६ पदाधिकारीले मात्र भाग लिन पाउने भएका छन्। कोभिडको संभावित प्रभावलाई ध्यानमा राख्दै आयोजक कमिटीले उद्घाटन समारोहमा सबै देशबाट मात्र ६ जना अफिसियल्सलाई भाग लिन मापदण्ड बनाएको छ ।

जसका कारण चीन, अमेरीका, अष्ट्रेलिया, बेलायत, क्यानडा, भारत जस्ता देशका पनि ६ जना अफिसियलले मात्र समारोहमा भाग लिन पाउने भएका छन् ।

यस्तैमा नेपालबाट पनि ६ जनाले मात्र भाग लिनुपर्ने भएको छ।  अहिले टोकियोमा नेपालबाट भाग लिने पौडीका दुई, जुडो र सुटिङका एक एक खेलाडी रहेका छन् ।

यस्तै पदाधिकारी भने धेरै जसो गइसकेका छन् । तर आयोजकको नयाँ नियमले उद्घाटन समारोहमा उत्रने नेपाली पदाधिकारीको योजना अधुरो हुने भएको छ। आयोजक समितीले खेलाडीको हकमा भने कुनै बार लगाएको छैन ।

ओलम्पिकको उद्घाटन समारोह शुक्रबार नेपाली समय अनुसार पौने पाँच बजे सुरु हुनेछ।

## २०३२ को ओलम्पिक ब्रिसबेनमा



**काठमाडौं/एजेन्सी–** अष्ट्रेलियाको ब्रिसबेनले सन् २०३२ मा हुने ओलम्पिक तथा प्यारालिम्पिक खेल आयोजना गर्ने भएको छ। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटिको बुधबार बसेको बैठकले ब्रिसबेनको नामलाई स्वीकृति दिएको हो। अष्ट्रेलियाले ओलम्पिक आयोजना गर्न लागेको यो तेस्रो अवसर हो । यसअघि सन् १९५६ मा मेलबर्न र सन् २००० मा सिड्नीले ओलम्पिक आयोजना गरेका थिए । सन् २०२४ को ओलम्पिक पेरिसले तथा सन् २०२८ मा अमेरिकाको लास एन्जेलसले आयोजना गर्ने यसअघि नै पक्का भइसकेको छ ।

'यो ब्रिसेबन र क्विन्सल्यान्ड मात्र नभएर समग्र देशको लागि नै ऐतिहासिक दिन हो,' अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले भने, 'ओलम्पिक आयोजना गर्ने अवसर विश्वका ठूला सहरले मात्र पाउँछन्। यसले पनि ब्रिसेबन सहरको चिनारी विश्वमाझ पुग्नेछ।'

ब्रिसबेनले ८४ प्रतिशत खेल स्थल अहिले नै उपलब्ध र अस्थायी संरचना प्रयोग गर्नेछ। मुख्य खेलस्थलको रुपमा गाबा क्रिकेट रंगशालालाई पुनर्निर्माण गरिनेछ। ओलम्पिक आयोजना गर्न इन्डोनेसिया, चीन, कतारको दोहा, हंगेरीको बुडापेस्ट र जर्मनीको रूह्र क्षेत्रले पनि दावी गरेका थिए। १५ सदस्यीय आइओसी कार्यसमितिले जुन महिनामा नै ब्रिसबेनको नाम प्रस्ताव गर्ने निर्णय गरेको थियो ।

## ब्राजिल र नेदरल्याण्ड्स विजयी



**काठमाडौं/एजेन्सी–** कोरोनाको प्रभाव कायमै हुँदा चौतर्फी विरोधकाबीचमा टोकियो ओलम्पिकका दुई खेलका खेलहरु बुधबारदेखि शुरु भएका छन् । जसमा महिला फुटबल र सफ्टबल रहेका छन् । ओलम्पिकको औपचारिक उद्घान शुक्रबार हुने भए पनि धेरै देशले सहभागिता जनाउने खेलहरुलाई केहि दिन अगाडीबाट खेलाइने गरिन्छ। यहि कारणले महिला फुटबल र सफ्टबल शुरु भएका हुन्। टोकियो ओलम्पिक २०२० अन्तरगतको महिला फुटबलमा ब्राजिल र नेदरल्यान्ड्सले सानदार सुरुवात गरेका छन्। मियागी स्टेडियममा बुधबार भएको खेलमा ब्राजिलको महिला फुटबल टोलीले चीनमाथि ५-० को फराकिलो जित दर्ता गरेको छ।

ब्राजिलको फराकिलो जितमा कप्तान मार्टाले दुई तथा डेविन्हा, एन्ड्रिसा आल्भेस र वियट्रिजले समान एक गोल गरिन्। पहिलो हाफमा दुई तथा दोस्रो हाफमा तीन गोल सम्भव भएको थियो । ३५ वर्षीय ब्राजिली मार्टा लगातार पाँचौ ओलम्पिकमा सहभागिता जनाउँदै गोल गर्ने पहिलो महिला खेलाडी बनिन्। यस्तै ब्राजिली फर्मिङ्गा सातौ ओलम्पिक खेल्ने पहिलो महिला खेलाडी बनिन्।

यही समूह 'एफ' को अर्को खेलमा नेदरल्यान्ड्सले जाम्वियामाथि १०-३ को फराकिलो जित दर्ता गरेको छ। पहिलो पटक लोलाम्पिक खेलिरहेको नेदरल्यान्ड्सको जितमा भिभिएनी मिडेमाले ह्याट्रिकसहित ४ गोल गरिन्। लिके मार्टिनले दुई तथा सानिस भान डि सान्डेन, जिल रुड, लिनेथ विरेन्सटेन र भिक्टोरिया पेलोभाले समान एक गोल गरिन्। जाम्वियाका बारब्रा बान्डाले ह्याट्रिक पुरा गरेपनि फराकिलो हार टार्न सकेनन्।

यस्तै समूह 'ई' को खेलमा इंग्ल्यान्डले चिलीलाई २-० ले पराजित गरेको छ। बेलायतको जितमा दुवै गोल एलेन ह्वाइटले गरिन्। जापान र क्यानडाले १-१ गोलको बराबरी खेल्दै अंक बाँडेका छन्। क्यानडाकी क्रिस्टिन सिन्क्लेइरले गोल गर्दा जापानकी माना इवाबुचीले बराबरी गोल फर्काइन्।

समूह 'जी' मा स्वीडेनले बलियो अमेरिकालाई ३-० ले स्तब्ध पार्दा अष्ट्रेलियाले न्युजिल्यान्डलाई २-१ ले पराजित गर्दै विजयी सुरुवात गरेको छ।

स्वीडेनको जितमा स्टिना ब्ल्याक्सटेनियसले २ तथा लिना हुर्टिगले एक गोल गरिन्। अष्ट्रेलियाकी तामेका यालोप र समान्थ केरले गोल गर्दा न्युजिल्यान्डकी गाब्रिल्ली रेन्नीले एक गोल फर्काइन्।

## एनआरटी र सातदोबाटोले एकेडेमी सञ्चालन गर्ने

**काठमाडौं/ मस–** न्युरोड टिम (एनआरटी) र सातदोबाटो युथ क्लबले फुटबल एकेडेमी सञ्चालनका लागि ल्याब्रेटोरी स्कुल, कीर्तिपुर र लिटिल एन्जल्र्स (एलए) स्कुल ललितपुरसँग सम्झौता गरेका छन् ।

क्लब, स्कुल र अखिल नेपाल फुटबल संघ (एन्फा) बीच बुधबार एन्फा कम्प्लेक्स सातदोबाटोमा एक विशेष कार्यक्रमको आयोजना गर्दै त्रिपक्षीय सम्झौता भएको हो । एनआरटीले ल्याब स्कुल र सातदोबाटोले एलए स्कुलसँग ६ वर्षको लागि सम्झौता गरेका हुन् ।

सम्झौता अनुसार पहिलो वर्ष १४ मध्ये ७ खेलाडी एकेडेमीमा प्रवेश गर्नेछन्। उनीहरुले स्कुलमा अध्ययन र प्रशिक्षण लिनेछन् । दोस्रो वर्ष क्लबले १४ खेलाडी उपलब्ध गराउनुपर्नेछ। त्यसपछि २१ खेलाडीले स्कुलमा अध्ययनसँगै प्रशिक्षण लिनेछन् । सातदोबाटो युथ क्लबका अध्यक्ष कपिल रानामगर र एलएका प्रिन्सिपल मुकुन्दराज शर्माले सम्झौतामा हस्ताक्षर गरे । सम्झौतासँगै एकेडेमी एलएएस-सातदोबाटो युथ एकेडेमीको नामबाट सञ्चालन हुनेछ । सातदोबाटोले शीर्ष डिभिजनमा पुगेको पहिलो वर्ष नै युथ एकेडेमीका लागि स्कुलसँग सम्झौता गरेको हो ।

पाँच पटकको लिग च्याम्पियन एनआरटीका अध्यक्ष सुन्दर जोशी र ल्याब स्कुलका प्रिन्सिपल लाक्पा शेर्पाले सम्झौतामा हस्ताक्षर गरे। एकेडेमी ल्याब्रेटोरी एनआरटी युथ एकेडेमीको नाममा सञ्चालन हुनेछ ।

एन्फाको तर्फबाट एन्फाका उपाध्यक्ष र ग्रासरुट्स र युथ संयोजक उपेन्द्रमान सिंहले सम्झौतामा हस्ताक्षर गरे । यसअघि संकटा क्लबले नेक्सस स्कुलसँग एकेडेमी सञ्चालनका लागि सम्झौता गरिसकेका छन् ।

## सिरिज भारतलाई

**काठमाडौं/एजेन्सी-** भारतले श्रीलंकाविरुद्धको एक दिवसीय सिरिज एक खेल अगावै जितेको छ। श्रीलंका भ्रमणमा रहेको भारतको दोस्रो टिमले श्रीलंकाविरुद्ध ३ विकेटको जित दर्ता गर्दै सिरिज एक खेल अगावै कव्जा गरेको हो। भारत अहिले २-० ले अघि रहेको छ ।

श्रीलंकाले पहिला ब्याटिङ गर्दै २७५ रन बनाएको थियो। जवाफमा भारतले ४९.१ ओभरमा ७ विकेट गुमाएर लक्ष्य पुरा गरेको थियो ।

श्रीलंकाले पहिला ब्याटिङ गर्दा आभिष्का फर्नान्डो र चारिथा असलंकाले अर्धशतकीय पारि खेलेका थिए । चारिथाले ६५ रन बनाउँदा आभिष्काले ५० रनको योगदान गरे ।  भारतका लागि भुवनेश्वर कुमारले तीन विकेट लिँदा युजबेन्द्र चहलको नाममा पनि तीन विकेट रह्यो । यसैगरी दीपक चहारले दुई विकेट हात पारेका थिए ।

जवाफी ब्याटिङमा भारतको शुरुआत भने राम्रो थिएन। ओपनर पृथ्वी शा र ईशान किसन सस्तैमा पभेलियन फर्कदा शिखर धवन पनि धेरै बेर क्रिजमा रहेनन्।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

साउदीमा रोजगार | १. कम्पनी: MAGICIAN LAUNDRY FOR CAR SERVICES
शहर: Saudi
पूर्व स्वीकृत मिति: २०७८/०४/०३ चलानी नं.: ६०१६०४२३ L.T. No.: 242488 पुन विज्ञापन

| क्र. सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | VEHICLE WASHING AND LUBRICATING AGENT | 3 | 0 | [illegible] | 1000 | ३१,७५० | [illegible] | ८ | ६ | [illegible] | छ | २ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन १४ गते (29 July 2021) मा हुनेछ।

अल-जाफर ईन्टरनेशनल प्रा. लि.
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

कतारमा रोजगार | कम्पनी: NEW IMAGE BUILDING SERVICES GULF STATE COMPANY
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०४/०५ चलानी नं.: ६०१६०३८४ L.T. No.:242740

| क्र. सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 20 | 0 | [illegible] | 1000 | ३२,७१० | [illegible] | ८ | ६ | [illegible] | छ | २ |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ साउन १४ देखि १८ गते (29 July to 2 August 2021) मा हुनेछ।

डायना ओभरसिज प्रा. लि.
बाल कुमारी, ललितपुर, नेपाल
फोन नं: ०१-५१८६३८४/५१८६३८५/५१८६४१९/५१८६३२८

# उद्यमी तथा व्यवसायीका निम्ति राहत 'प्याकेज' ल्याउने प्रमको घोषणा

## महामारी नियन्त्रणमा सहकार्य गर्न निजी क्षेत्रलाई आग्रह



**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, ६ साउन ।

प्रधानमन्त्री शेरबहादुर देउवाले कोरोना महामारीका कारण प्रभावित उद्योगी तथा व्यवसायीलाई बचाउन राहत 'प्याकेज' ल्याइने घोषणा गरेका छन् । बुधबार नेपाल उद्योग परिसंघको १८ औं वार्षिक साधारणसभाको उद्‌घाटन गर्दै उनले यस्तो घोषणा गरेका हुन् । देउवाले विज्ञहरुसँगको परामर्शपश्चात महामारी प्रभावित उद्योगी तथा व्यवसायीका लागि सहयोग गर्ने प्याकेज ल्याउने बताए ।

उनले सरकारको पहिलो प्राथमिकता खोप रहेको पनि बताए । 'विकासलाई हामीले प्राथमिकता दिएका छौं, तर त्योभन्दा पहिले आम नागरिकको ज्यान जोगाउने विषय महत्वपूर्ण हो', प्रधानमन्त्री देउवाले भने, 'महामारीबाट पार पाउनु चुनौतीपूर्ण छ, हाम्रो पहिलो प्राथमिकता खोपको व्यवस्था नै हो ।'

देउवाले आर्थिक विकास र लगानी प्रवर्द्धनलाई पनि उच्च प्राथमिकतामा राखेर सरकारले काम गरिरहेको जानकारी गराए ।

**महामारी नियन्त्रणमा सहकार्य गर्न आग्रह**

देउवाले नेपाललाई कोभिड-१९ महामारीबाट मुक्त गर्नका लागि उद्योगी तथा व्यापारीहरुले सहयोग गर्नुपर्ने बताएका छन् । महामारी नियन्त्रणमा उद्योगी, व्यापारीहरुले हातेमालो गरे छिट्टै मुक्त हुन सकिन भन्दै उनले सहयोगका लागि आह्वान गरे ।

'कोभिडको जो समस्या छ त्यो समस्या समाधानका निम्ति नेपालका उद्योगपति व्यापारीहरुले सहयोग गर्नुपर्छ भन्ने मेरो धारणा छ, म यहीँबाट फेरि उहाँहरुलाई अनुरोध र आह्वान गर्दछु कि, नेपालमा जो महामारी फैलिएको छ, यो सरकारको कर्तव्य हो, यसलाई पालना गर्नुपर्दछ,', देउवाले भने, 'सरकारको प्रयासमा निजी क्षेत्रले पनि हातेमालो गरिदिए हामी छिट्टै यो महामारीबाट मुक्त हुन सक्छौं भन्ने मलाई आशा छ ।'

सो अवसरमा परिसंघका संस्थापक अध्यक्ष विनोदकुमार चौधरीले विद्वत् समूहको रुपमा परिसंघले काम गरिरहेकामा कृतज्ञता व्यक्त गर्दै प्रजातन्त्रको अभ्युदयसँगै नेपाली कांग्रेस नेतृत्वको सरकारले प्रारम्भ गरिएका आर्थिक सुधारका कार्यक्रममले निजी क्षेत्रको लगानी अभिवृद्धि, आन्तरिक राजश्व परिचालनमा योगदान भएको बताए । उनले बदलिएको वर्तमान परिवेशमा अब दोस्रो चरणका सुधारका कार्यक्रमम आउनुपर्नेमा जोड दिए ।

**अर्थमन्त्री शर्माको प्रशंसा**

अर्थमन्त्री जनार्दन शर्मा मिहिनेती भएको टिप्पणी गर्दै प्रधानमन्त्री देउवाले नेपालको अर्थतन्त्रलाई सुधार गर्नेमा विश्वास व्यक्त गरेका छन् । परिसंघको कार्यक्रमलाई सम्बोधन गर्दै उनले शर्मा भिजन भएको व्यक्ति भएको भन्दै नेपालको आर्थिक सुधार हुने विश्वास दिलाए । उनले भने, 'हाम्रो अर्थमन्त्रीजी अत्यन्त मिहिनेती हुनुहुन्छ । मलाई विश्वास छ, उहाँले नेपालको अर्थतन्त्रलाई पहिलेको भन्दा माथि उठाएर नेपालको आर्थिक अवस्थामा सुधार गर्नुहुनेछ भन्ने विश्वास छ । उहाँले सक्नुहुन्छ पनि । अत्यन्तै मिहिनेती हुनुहुन्छ उहाँ । भिजन पनि भएको व्यक्ति हो उहाँ ।'

### निर्माण व्यवसायीको आग्रह

# सबै आयोजनाहरुको म्याद एक वर्ष थपियोस्

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन ।




नेपाल निर्माण व्यवसायी महासंघका प्रतिनिधिले निर्माण व्यवसायको क्षेत्रमा देखिएको म्याद थप, कर तथा भूक्तानीको सम्बन्धमा देखिएका समस्यालाई सम्बोधन गर्न सरकारसँग आग्रह गरेका छन् । महासंघका प्रतिनिधिमण्डलले बुधबार नवनियुक्त प्रधानमन्त्री शेरबहादुर देउवालाई भेट्दै यस्तो आग्रह गरेका हुन् ।

महासंघ अध्यक्ष रविसिंह नेतृत्वको प्रतिनिधिमण्डलले अघिल्लो सरकारले ल्याएका बजेट कार्यान्वयनको माग गर्दै पूरक बजेट ल्याइएमा त्यसमा पनि निर्माण व्यवसायीहरूको माग सम्बोधन गरिदिन आग्रह गरेको छ । महासंघले बजेटसँग सम्बन्धित् म्याद थप, धरौटी रकम फिर्ता लगायतका विषयमा प्रधानमन्त्री देउवासमक्ष लिखित सुझाव पेश गर्दै कार्यान्वयनका लागि आग्रह गरेको हो ।

२०७६ साल पौषमा सार्वजनिक खरिद नियमावलीको नवौं संशोधनबाट एक वर्ष म्याद थप भएता पनि २०७६ चैत्र ११ गते देखि भएको लकडाउन र तत्पश्चात् २०७७ माघ ११ गते म्याद थपको लागि भएको नीतिगत निर्णयबाट समेत म्याद थपको समस्या समाधान नभई दुई सिजनमा गरी लगभग पाँच हजार आयोजनाहरु प्रभावित भएको जनाईएको छ । उक्त आयोजनाहरुको लागि म्याद थपको निर्णय भएको मितिभन्दा अगाडि म्याद समाप्त भएका सबै आयोजनाहरुको लागि निर्णय मितिबाट गणना हुने गरी स्वतः एक वर्ष म्याद थप गरिनु पर्ने माग राखेको छ ।

व्यवसायीहरुले सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको छैठौं संशोधन बमोजिम शुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी हुने गरी म्याद थप गर्न पाइने छैन भनी गरिएको व्यवस्था र एकपटक म्याद थप सम्बन्धमा निर्णय भइसकेकोमा पुनः म्याद थप हुने छैन भनि गरिएको व्यवस्थाबाट निर्माण कार्यको म्याद थप गर्न गम्भिर जटिलता सिर्जना भएको बताएका थिए । सो व्यवस्था अव्यवहारिक रहेकोले धेरै आयोजनाहरूको म्याद थप हुन नसकी कार्य सम्पादनमा गम्भिर अवरोध सिर्जना हुँदा उक्त किसिमका जटिलता थपिने अव्यवहारिक व्यवस्था खारेज गरिनुपर्ने महासंघको सुझाव रहेको छ ।

व्यवसायीलाई चालु पुँजी व्यवस्थापनमा सहयोग पुर्‍याउन धरौटी रकम बापतको ५० प्रतिशत रकम बराबरको बैंक ग्यारेण्टी राखी धरौटी रकम फिर्ता गरिने प्रावधानको सट्टा शतप्रतिशत फिर्ता गर्दा राज्यलाई कुनै जोखिम नहुने भन्दै फिर्ता गर्न समेत आग्रह गरेका थिए । महासंघ प्रतिनिधिमण्डलसँगको भेटमा प्रधानमन्त्री देउवाले व्यवसायीहरूको समस्या अध्ययन गरी समाधान गर्ने बताएका थिए ।

# महालक्ष्मी विकासको खुद नाफामा ७१ प्रतिशतले बृद्धि

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.

**काठमाडौं/मस–** महालक्ष्मी विकास बैंकले खुद नाफा ७१.०२ प्रतिशतले बृद्धि गरेको छ । बैंकले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा ३० करोड ४३ लाख रुपैयाँ बढीले थप गरेको हो ।

अघिल्लो आर्थिक वर्षमा बैंकले ४२ करोड ८५ लाख रुपैयाँ खुद नाफा कमाएको थियो । गत आवमा बैंकले ७३ करोड २९ लाख रुपैयाँ खुद नाफा कमाउन सफल भएको छ ।

बैंकद्वारा सार्वजनिक गत आर्थिक वर्षको वित्तीय विवरणअनुसार सो अवधिमा बैंकको वितरण योग्य नाफा भने ५६ करोड ३८ लाख ५५ हजार रुपैयाँ रहेको उल्लेख छ । बैंकको चुक्ता पुँजी ३ अर्ब ३२ करोड ४४ लाख रुपैयाँ कायम हुँदा गत आवको नाफाबाट बैंकले १६.९६ प्रतिशत लाभांश वितरण क्षमता राख्छ । यसैगरी, बैंकले गत आवको असार मसान्तसम्म ३८ अर्ब ६० करोड ९२ लाख रुपैयाँ निक्षेप संकलन गरी ३० अर्ब १० करोड ६३ लाख रुपैयाँ कर्जा प्रवाह गरेको छ । जसबाट बैंकले १ अर्ब ५६ करोड ७३ लाख रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ । जुन अघिल्लो आवको तुलनामा १.५० प्रतिशत बढी हो । अघिल्लो आवमा बैंकले १ अर्ब ५४ करोड ४१ लाख रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ । साथै, सो अवधिमा बैंक ६७.७९ प्रतिशतले सञ्चालन नाफामा वृद्धि गरी १ अर्ब २ करोड ३४ लाख रुपैयाँ पुर्याएको छ ।

समीक्षा अवधिमा बैंकको खराब कर्जा अनुपात ०.५२ प्रतिशतले बढेर ३.३२ प्रतिशत पुगेको छ । गत आवको असार मसान्तसम्म बैंकको आधारदर ७.२८ प्रतिशत र स्प्रेडदर ४.५३ प्रतिशत कायम छ ।

गत आवको असार मसान्तसम्म बैंकको प्रतिसेयर आम्दानी २१ रुपैयाँ ९३ पैसा, मूल्य आम्दानी रेसीयो २०.२९ गुणा र प्रतिसेयर नेटवर्थ १ सय ६४ रुपैयाँ ७५ पैसा रहेको छ ।

# राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल ३२ औं वर्षमा




**काठमाडौं/मस–** राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको ३२औं वार्षिकोत्सवको कार्यक्रम विविध कार्यक्रमका बीच सम्पन्न भएको छ । ३२ औं वर्षिकोत्सव अवसरमा संघका कार्यवाहक अध्यक्ष रामप्रसाद जोशीले वृक्षारोपण तथा संघको झण्डोत्तलन गरेका थिए ।

३२ औं वर्षिकोत्सवको अवसरमा मंगलबार आयोजित रक्तदान कार्यक्रममा ६७ जना बैंक कर्मचारीहरुले रक्तदान गरेका थिए । यस्तै वार्षिकोत्सवको अवसरमा संघले मामाघर नेपाल मकवानपुरलाई आर्थिक सहयोग गर्ने निर्णय गरेको छ ।

वर्षिकोत्सवका विविध कार्यक्रम संघका विभिन्न क्षेत्रीय समितिहरुमा समेत संचालन गरिएको थियो ।

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल २०४७ साल साउन ६ गते स्थापना भएको बैंकभित्रको सबैभन्दा जेठो ट्रेड युनियन हो । संघले पेशागत हक, हित तथा सस्थाको सम्बन्धनको विषयमा जोडदार आवाज उठाउँदै आईरहेको छ ।

# नेशनल लाईफको चमत्कारिक प्रगति, बीमा शुल्क १२ अर्ब बढी

**काठमाडौं/मस–** जीवन बीमा ब्यवसायमा नेशनल लाईफ इन्स्योरेन्सले चमत्कारिक प्रगति हासिल गर्न सफल भएको छ ।

कूल बीमाशुल्क १२ अर्ब १६ करोड सहित प्रथम बीमाशुल्क चार अर्ब भन्दा माथि पुऱ्याउन सफल भएको छ । नेपालमा सञ्चालित जीवन बीमा कम्पनीहरुको स्टाटस नै तलमाथि हुने गरी प्रगति गरेपछि कम्पनीमा उत्सवमय वातावरणको सिर्जना भएको छ र कम्पनीले थप प्रगति गर्नेमा कर्मचारी र अभिकर्ता वर्ग उत्साहित र विश्वस्त छन् ।

आर्थिक वर्ष २०७७/०७८ मा कम्पनीले अघिल्लो आर्थिक वर्षको तुलनामा ७० प्रतिशत भन्दा बढि प्रथम बीमाशुल्क संकलन गर्न सफल भएको हो । त्यस्तै, नविकरण बीमाशुल्क समेत उल्लेख्य रुपमा बृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षमा जम्मा नौ अर्ब २६ करोड ७४ लाख कूल बीमाशुल्क संकलन गरेकोमा गत आ.व.मा १२ अर्ब १६ करोड ५५ लाख रुपैयाँ कूल बीमाशुल्क संकलन गरेको हो ।

सबै वित्तीय सूचांकमा उल्लेख्य प्रगति गरेको कम्पनी अव नेपालको दोश्रो ठूलो जीवन बीमा कम्पनी बन्न पुगेको छ ।

पत्रकार आचारसंहिताको पालना गरौं

पत्रकार तथा सञ्चारमाध्यमले:

- हिंसा र अपराधलाई प्रश्रय दिने,
- आत्महत्या गर्न उक्साउने,
- अश्लिल, सार्वजनिक स्वास्थ्य शिष्टाचार र नैतिकताको प्रतिकूल हुने,
- त्रास उपन्न गर्ने

सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह मिडिया प्रा.लि.** मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका केही **विज्ञापनदाताहरु**ले विज्ञापन प्रकाशित गरे बापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७८ साउन १५ गते**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्यौट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्वाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरु**ले विज्ञापन प्रकाशित गरे बापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७८ साउन १५ गते**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्यौट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्वाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह
Madhyanha Daily दैनिक
बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**